**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन-पत्र**

विषय : नेपालको संविधानको धारा १३३(२)र(३) वमोजिम उत्प्रेषणयुक्त परमादेश जारी गरी पाऊँ

| | | |
|---|---|---|
| १. वातावरण कानून समाज नेपालको तर्फबाट अधिकार प्राप्त ऐ.को अध्यक्ष भई आफ्नो हकमा समेत का.जि.का.म.न.पा. वडा नं. १० बस्ने वर्ष ५८ को अधिवक्ता पदम बहादुर श्रेष्ठ.......................... | १ | |
| २. नेपाल नदि संरक्षण संस्थाको तर्फबाट अधिकार प्राप्त ऐ.को अध्यक्ष भई आफ्नो हकमा समेत स्याङ्गजा जिल्ला हाल वालिङ्गि नगरपालीका वडा नं. ९ बस्ने वर्ष ६० को मेघ बहादुर आले.......................... | १ | |
| | | **पक्ष** |
| ३. इलामा जिल्ला मंगलवारे गा.वि.स.को हाल देऊमाई नगरपालीका वडा नं. बस्ने वर्ष ३८ को मौसम खनाल.............................. | १ | **निवेदक** |
| ४. अर्घाखाची जिल्ला भूमिकास्थान वडा नं. ९ बस्ने वर्ष को | १ | |
| अधिवक्ता चिन्जीवी भट्टराई...................................................... | १ | |
| ५. सुर्खेत जिल्ला बिष्णुपुर १ बस्ने वर्ष २९ को देवराज जैसी......... | | |
| ६. बाजुरा जिल्ला साप्पाटा वडा नं ७ बस्ने वर्ष ३९ को जनेश | १ | |
| भण्डारी......................................................................... | १ | |
| ७. बाजुरा जिल्ला साप्पाटा वडा नं ६ बस्ने वर्ष २५ को जिवन बुढा.. | १ | |
| ८. बाजुरा जिल्ला साप्पाटा वडा नं ६ बस्ने वर्ष ३५ को लालसिंह | १ | |
| बुढा.......................................................................... | १ | |
| ९. बाजुरा जिल्ला साप्पाटा वडा नं ७ बस्ने वर्ष ३० को धन बहादुर | १ | |

भण्डारी...................................................................................... १
१०. बाजुरा जिल्ला साप्पाटा वडा नं ८ बस्ने वर्ष २९ को नेत्र बुढा.. १
११. बाजुरा जिल्ला साप्पाटा वडा नं ७ बस्ने वर्ष को जीवन संज्याल १
१२. बाजुरा जिल्ला स्वामि कार्तिकखापर वडा नं २ बस्ने वर्ष २० को जमुना भण्डारी............................................. .................. १
१३. बाजुरा जिल्ला स्वामि कार्तिकखापर वडा नं २ बस्ने वर्ष २२ को गुप्त बुढा............................................. .............. १
१४. बाजुरा जिल्ला गोत्री वडा नं ८ बस्ने वर्ष ३२ को गणेश बहादुर शाही........................................................................... १
१५. दैलेख जिल्ला सिंहासैन हाल आठविष वडा नं ८ बस्ने वर्ष ३८ को अंजिर सिं विश्वकर्मा.................................................... १
१६. दैलेख जिल्ला दुल्लु वडा नं ९ बस्ने वर्ष को प्रेम भण्डारी ...... १
१७. का.जि. का.म.न..पा वडा नं १८ बस्ने वर्ष ३४ को सानुमैया महर्जन..........................................................................
१८. का.जि. का.म.न..पा वडा नं ६ बस्ने वर्ष को सुधन लम्साल ...
१९. बाजुरा जिल्ला कोल्टी वडा नं ६ बस्ने वर्ष २५ को सुजन राज गिरी............................................................................. १
२०. नवलपरासी पुर्व जिल्ला कावसोती वडा नं १ बस्ने वर्ष ४९ को चुरामणी अर्याल.......................................................
२१. दैलेख जिल्ला ठाटीकाध गा.पा.वडा नं १ बस्ने वर्ष ४० को भक्त बहादुर शाही......................................................... १
२२. दैलेख जिल्ला भैरवी गा.पा. वडा नं २ बस्ने वर्ष ५१ को हिरासिंह थापा..................................................................... १
२३. दैलेख जिल्ला ठाटीकाध गा.पा.वडा नं १ बस्ने वर्ष २९ को तपेन्द्र कुमार शाही......................................................... १
२४. बाके जिल्ला नेपालगन्ज न.पा. वडा नं २ बस्ने वर्ष ६८ को प्रेम कैदी भन्ने प्रेम बहादुर शाही ........................................ १
२५. जुम्ला जिल्ला चन्दननाथ न.पा. वडा नं १० बस्ने वर्ष ५३ को अधिबक्ता पदम बहादुर शाही .......................................... १

समेतको वारिस पाल्पा जिल्ला बराङ्गदी गा.वि.स.को हाल परिवर्तित बगनासकाली गा.प.८ बस्ने वर्ष २९ को विजय वस्याल ............

**विरुद्ध**

| | | |
|---|---|---|
| १.प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यलय, सिंहदरबार, काठमायडौ.... | १ | |
| २. वन तथा वातावरण मन्त्रालय सिंहदरबार काठमाण्डौ....................... | १ | **विपक्षी** |
| ३. जलश्रोत तथा उर्जा मन्त्रालय, काठमाण्डौ....................... | १ | **प्रतिवादी** |
| ४. भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय काठमाण्डौ............... | १ | |
| ५ संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, काठमाण्डौ.......... | १ | |
| ६. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौ........... | १ | |
| ७. खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाण्डौ...... | १ | |
| ८. कृषि,भूमि तथा सहकारी मन्त्रालय, काठमाण्डौ.................... | १ | |
| ९. कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाण्डौ......... | १ | |
| १०. मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, कर्णाली प्रदेश सुर्खेत... | १ | |
| ११. मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय, सुदुरपश्चिम प्रदेश, धनगडी ........................................................................... | १ | |

**मुद्दा :-उत्प्रेषणयुक्त परमादेश**

१. हामी निवेदकहरु नेपालको संविधानको धारा १६, २६, ३०, ३२, ३३, ३४, ३५, ५१, ४६ १३३(२) र (३), वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, जलचर संरक्षण ऐन, २०१७, जलश्रोत ऐन, २०४९, विद्युत ऐन, २०४९, फोहरमैला व्यवस्थापन ऐन, २०६८, खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ३, ४ र ५, राष्ट्रिय जलस्रोत नीति, २०७७, ढुङ्गा, गिटी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी को मापदण्ड, २०७७ समेतको आधारमा निम्न लिखित निवदेन गर्दछौ ।

(क) हामी निवेदक सार्वजनिक हकहितको बिषयहरुमा जिम्मेवार निकायहरुलाई जवाफदेही र उतरदायि बनाउनका साथै संवैधानिक तथा अन्तराष्ट्रिय कानूनी, मापदण्ड अनुरुप नेपालको कानूनमा समय सापेक्ष सुधार, परिमार्जन, निर्माण एव कार्यान्वयनका पक्षमा वकालत गरी कानूनी राज्यको स्थापनालाई प्रोत्साहन गर्दै सरकार र मातहतका निकायहरुलाई उत्तरदायि बनाऊनका लागि सार्वजनिक हकहित र सार्वजनिक सरोकारको विवाद (public interest

litigation) लाई महत्वपूर्ण माध्यमको रुपमा अबलम्वन गर्दै आइरहेको तथा वातावरण र सांस्कृतिक सम्पदा साथै जिवजन्तुको अधिकारको संरक्षण सम्बन्धी बिषयहरुबारे समाजलाई सचेत गराउने सामाजिक अभियन्ता तथा केहि निवेदकहरु सार्वजनिक सरोकारको विषयमा यस अदालतमा कानून व्यवसायी तथा निवेदकको हैसियतले अदालतको सहयोगार्थ बहस गर्दै आएका संस्था तथा व्यक्ति भएको हुदाँ कर्णाली नदि संरक्षण गर्नु हामीहरुको समेत पूर्ण दायित्व भएको र हामी सरोकार वाला भएको बेन्च समक्ष अनुरोध गर्दछौ

(ख) हामी निवेदकहरु कर्णाली क्षेत्रको स्थानीय बासिन्दाहरु समेत हौ । हाम्रो क्षेत्रमा सांस्कृतिक, सामाजिक, धार्मिक र आर्थिक उपार्जनको रुपमा र पर्यावरणीय महत्वको रुपमा समेत परिचित भएको कर्णाली नदिलाई नेपालको उत्तरी सिमावाट नेपाल र भारत सिमा सम्म हाल सम्म स्वतन्त्र रुपमा बगी रहेको नदीलाई संरक्षण गर्दै नदी संग जोडिएको पर्यटन व्यवस्था, धार्मिक, संस्कृति तथा  स्वाच्छ वातावरणीय आयामलाई समेत सुरक्षित गरी भावी पुस्तालाई सुरक्षितरुपमा हस्तान्तरण गर्न प्राकृतिक रुपमा रहेको नदीलाई समग्र पर्यावरण संक्षरण गर्नको लागी कुनै पनि किसिमको प्रभावकारी उपचार तथा न्याय प्राप्त हुन नसक्ने भएकोले सम्मानित सर्वोच्चको असाधारण क्षेत्रधिकारको सहारा लिन आएका छौ । वास्तवमा वर्षौ देखि नै मूल कर्णाली नदीलाई संरक्षण गर्नका लागी विभिन्न समयमा राज्यको निकायहरुसंग अन्तकृया गर्दै आएका थियौ तर कुनै पनि सुनुवाई भएको थिएन । हामी मध्ये राष्टिय नदि संरक्षण संस्थाले कर्णाली नदीमा राष्ट्रिय नदी सम्मेलन सम्पन्न गरी नदीलाई प्राकृतिक रुपमा संरक्षण गर्नको लागी निरन्तर लागी परि रहेका छौ । यस मूल कर्णाली नदी हाम्रो सभ्यता र संस्कृति पनि हो । यसको विनाशले भोलि हाम्रो अस्तित्व पनि लोप हुन सक्दछ। अहिले जसरी विकासका नाममा नदीहरुको दोहन भएको छ यसले भोलिका लागि नदीहरुको संरक्षण गर्नु पनि हाम्रो दायित्व हुन आउँछ । नदीको दिगो उपयोगका लागि सरकारी निकायहरु रहेपनि संरक्षणका लागि भने कुनै निकायको गठन भएको छैन र आवश्यक कानून पनि बन्न सकेको छैन । सरकारले हालै ल्याएको वातावरण संरक्षण ऐन २०७६ पनि नदी संरक्षणतर्फ मौन रहेको छ । समुदायको सहभागिता बिना नदीको संरक्षण गर्न कठिन छ।तसर्थ मुलुकको समृद्धिको

लागि नदीनालाको बहुआयामिक महत्व बुझी दीर्घकालीन नीति र योजना बनाई अघि बढ्नु आजको आवश्यकता रहेको छ [1]।

(ग) यसरी नै हामी निवेदकहरुले विभिन्न चरणमा विपक्षी प्रदेश सरकार संग कर्णाली नदिको दिगो उपयोगको विषयमा बैठक समेत गरी आएकोमा आज सम्म निचोड निर्णय दिएका छैनन् । यसर्थ कर्णाली नदीलाई एकिकृत विकास, उपयोग तथा संरक्षणको योजना तर्जुमा गर्नु आजको आवश्यक्ता हो भनि माग गर्दै आएको अवस्था विद्ययमान रहेकोछ । कर्णाली नदीलाई मुख्यरुपमा विद्युत उत्पादनको लागी आज सम्म बेतान कर्णाली, अर्ध जलासययुक्त जलविद्युत आयोजना समेत आयोजना अघि सारेको छ । उक्त कार्यले कर्णाली नदिमा विकासको योजना सञ्चालन भई रहदाँ एकिकृत रुपमा नदि उपयोगको गुरु योजना नभकोले दिगो विकास र दिगो प्रयोग नहुने अवस्था रहेको छ । यसर्थ समग्र कर्णाली नदिको संरक्षणको मागको लागी विभिन्न चरण माग राखी आएकोमा उक्त मागलाई विपक्षीहरुले सम्बोधन गर्ने कुनै पनि प्रयास नगरकोले यो रिट निवेदन दर्ता नगरी कार्यन्वयन हुन सम्भव नभएको अवस्था हाल सम्म विद्यमान रहेको छ ।

(घ) उक्त विषयमा सम्बन्धित निकायहरुमा मिति २०७९।५।१७ गते दर्ता नं. १६५२ मा प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, मिति २०७९।५।१७ गते दर्ता नं. ११६८ मा उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, मिति २०७९।५।१७ गते दर्ता नं. ७१३ मा वन तथा वातावरण मन्त्रालय, मिति २०७९।५।१७ गते मा कानून न्याय तथा संसदिय मामिला मन्त्रालयमा, मिति २०७९।५।१७ गते दर्ता नं. १३९ मा खानी पानी मन्त्रालय, मिति २०७९।५।१७ गते दर्ता नं. ७२४ मा संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, मिति २०७९।५।१७ गते मा भौतिक पुर्वधार तथा यातायत मन्त्रालय, मिति २०७९।५।१७ गते दर्ता नं. ७१३ मा वन तथा वातावरण मन्त्रालय र कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा सन् २०२२।०९।१३ गते हुलाक मार्फत कर्णाली नदिको संरक्षणको लागी निवेदन दर्ता गरेका छौ ।

२. उपरोक्त मितिमा विपक्षीहरुलाई निवेदन दर्ता समेत गरेकोमा आज सम्म कुनै सुनुवाई नभएकोले यो विषय सर्वोच्च अदालतको असाधरण अधिकार क्षेत्र गुहार्न बाध्य भएका

---

[1] https://www.setopati.com/opinion/197434?fbclid=IwAR0vvkbMXA6WMFQ1qpkSOqEY9n83gB7qTlsOsrUOWnbOOOdzXmlcz8QMwWY आइतबार, माघ १५, २०७९

छौ । कर्णाली नदीलाई प्राकृतिक रुवरुपमा राख्नको लागी एकिकृत बहुमुखी बहुउश्द्देय समतेका दिगो उपयोग आयोजना बनाई लागु गरी पाऊ समेत भन्ने विषय यस सर्वोच्च अदालत बाहेक अन्यत्र निवेदन दर्ता हुने अवस्था छैन, भएता पनि कुनै प्रभावकारी आदेश जारी हुने अवस्था नभएको र यो विषय नितान्त सार्वजनिक सरोकार महत्वको विषय भएकोले अन्यत्र कुनै उपचार नभएकोले बाध्य भई नेपालको संविधानको धारा १६, २६, ३०, ३२, ३३, ३४, ३५, ५१, ४६ १३३(२) र (३), वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली, २०७७, जलचर संरक्षण ऐन, २०१७, जलश्रोत ऐन, २०४९, विद्युत ऐन, २०४९, फोहरमैला व्यवस्थापन ऐन, २०६८, खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ३, ४ र ५, राष्ट्रिय जलस्रोत नीति, २०७७, ढुङ्गा, गिटी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी को मापदण्ड, २०७७ को आधारमा निम्न व्यहोराको रिट निवेदन दावी रहेका छौ ।

३. नदिको ईतिहास र कर्णालीको नदिको उत्पति अवस्था :

(क विश्व इतिहासलाई अध्ययन गर्ने हो भने करिब ६ हजार बर्ष अघि अहिलेको इराक आसपासको टिग्रिस र युफ्रेटस नदी किनारमा, पाँच हजार वर्ष जति इजिप्टको नाइल नदीमा, ४५ सय वर्ष अघि भारत-पाकिस्तानको इन्दु नदीमा, ३५ सय वर्ष अघि चीनको हाँगहो नदीमा र २५ सय वर्ष अघि मध्य र दक्षिण अमेरीकाका नदी किनारहरुमा मुख्य मानव सभ्यताहरु जन्मिए । पूर्विया होस वा पश्चिमा सबै सभ्यताको उदय नदी किनारमै भएको थियो । नदीबिना कुनै पनि जीवन सम्भव छैन । पानीलाई एक ठाउँबाट अर्कोमा पुर्याउने काम नहुने बितिकै जलचक्र हुने थिएन, त्यो नहुदो हो त मानव वा अन्य जीवन चल्ने थिएन । त्यसैले नदीहरुलाई पृथ्वीको रक्तनली भनिन्छ । तिनै नलीबाट बग्ने पानी र तिनैले ल्याउने अन्य तत्वका कारण फल्ने अन्नले नै हामीलाई बचाइरहेको हो त्यो नहुदो हो त मानव वा अन्य जीवन चल्ने थिएन । त्यसैले नदीहरुलाई पृथ्वीको रक्तनली भनिन्छ । तिनै नलीबाट बग्ने पानी र तिनैले ल्याउने अन्य तत्वका कारण फल्ने अन्नले नै हामीलाई बचाइरहेको छ । जलचक्रको कारण जीवनचकक्र चलेको इतिहासहरु पाईन्छ ।

(ख) नेपालको सन्दर्भमा कर्णाली नदी नेपालको उतर तर्फ चिनको तिब्बत क्षेत्रको माप्चा चङगु मुहानबाट उत्पति भई माप्चा खवाव नामले बग्दै नेपालमा प्रवेश गरी भारतको गंगा नदिमा गएर मिसिन्छ । यो नदीको लम्बाई नेपालको क्षेत्रमा करिब ५०७ कि.मी. पर्दछ । चिन वाट नेपालको हुम्लाको हिल्सा हुदै नेपाल प्रवेश गर्दछ । परापुर्वकालको किम्बदन्ती अनुसार कैलाश पर्वतको दक्षिण पश्चिम स्थित ७७०० मिटर उचाईमा

रहेको कर्णाली नदिलाई माप्चा खम्बाव अर्थात मयुरको मुख बाट निस्केको नदि भन्ने किम्बदन्ती रहेकोछ । साथै गुर्ला मानदाता पर्वतको फेदवाट निस्कने मार्चुचुङ मुललाई कर्णाली नदिको उदगम् स्थल मानिन्छ । यो नदी पर्वतको फेदीबाट करिब २० मिटिर तल झरेपछि उतर पश्चिम उपत्याकाबाट आएको नदीमा मिल्छ यो नदी नै नेपालको हुम्ला जिल्लाको हिंल्सा झरेपछि कर्णाली नदी नामले परिचित भएको छ । कर्णाली नदिको उदगम् स्थलबाट नेपालको हुम्ला, कालिकोट, दैलेख, अछाम, सुर्खेत, डोटी, बर्दिया र कैलाली जिल्ला समेत हुदै कैलाली जिल्लाको दक्षिण तर्फ लागे पछि भारतको उत्तर प्रदेशमा गिरीजा पुरी वराज हुदै बहराईच जिल्लाको शारदा नदी संग मिल्छ त्यस पछि घाँघरा नदीको नामले चिनिन्छ । भारतको अयोध्यामा नेपालको कर्णाली नदिको नाम सरयु नदि नामाकरण गरिएको छ । अयोध्याबाट दक्षिण पूर्व बगेर भारतको विहारको राजधानी पटना देखी उतर स्थित छपरा जिल्लामा गंगा नदीमा मिल्छ । यसरी कर्णाली नदीलाई नेपालको हिल्सा देखी नेपालको अन्तिम स्थल सम्म स्वतन्त्र बग्न दिनु र कर्णाली नदीलाई कानूनी अधिकार सहितको पहिचान दिनु आजको आवश्यक्ता रहेको छ । सम्पूर्ण स्थानीय बासीहरुले सम्मानपुर्वक कर्णालीको उपयोग गरी रहेकोमा इतिहास मेटाउनु हुदैन, प्राकृतिक रुपमा नै बग्नदिई नदीको संरक्षण गर्दै भविश्य सम्म दिगो उपयोग गर्नु पर्छ ।

४. कर्णाली नदीको धार्मिक, सामाजिक, आर्थिक महत्व :

(क) नेपालमा साना ठूला गरी करिब ६००० नदीनालाहरु रहेको तथ्य छ । ति सबै नदीहरुले आ–आफ्नो महत्व बोकेको हुन्छ, हरेक नदीहरु आ–आफ्नो हैसितमा सामाजिक, आर्थिक र पर्यटकीय महत्वको रुपमा स्थापित भएको छ । नदीलाई धार्मिक महत्वको रुपमा अध्ययन गर्दा हिन्दुसंग सम्बन्धित धर्मालम्बीहरुले कुनै पनि धार्मिक कार्य शुद्ध पानीवाट शुरु गरी पानीमा नै विर्सजन गर्ने धार्मिक परम्परा रहेको छ । नेपालमा बग्ने नदीहरु मध्ये कर्णाली नदि, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको विचबाट बग्ने नदी हो, जुन धार्मिक रुपमा समेत परिचित रहेको छ ।

(ख) बासस्थानको आधारमा हेर्ने हो भनी कर्णाली नदीको दुवै तर्फ राउटे, माझी, बादी, कमल, राजमर, नुनिया, सोतार, ठकुरी, नेवार, क्षेत्री, शाही, जैसी, सुनार, बराली र बुढा आदी जातीहरुको बसोबास हुदै आएको छ भने राउटे र राजी नेपालको लोपोन्मुख जातीहरु समेत बस्ने गरेको छन् । निजहरु कर्णाली नदीको तिरमा बस्ने र सोही नदीमा नै आश्रित भएर परापुर्वकालवाट आफ्नो जीवन गुजारा गरी रहेका छन् । खस

सभ्यता बोकेको कर्णाली करीडोर क्षेत्रमा आज सम्म करिब ३२ वटा मातृभाषाको बोलीचालीमा प्रयोग हुन्छ । तर यि लोपउन्मुख जातिहरु लगायत, खोला किनारमा बसेका बस्तीहरु प्रत्यक्ष रुपमा नै कर्णाली नदीसँग अटुट सम्बन्ध रहेकाले पनि कर्णाली नदिको प्राकृतिक बहाब र संरक्षण अपरिहाय छ । कर्णाली नदि संग जोडिएर रहेको शहरबजारहरु हिल्सा, हेप्का, नाम्खा बजार, खर्पुनाथ बजार, पिलुचौर बजार, पुलाहाँ कालिकोट, थिर्पू, जिते बजार, राकम कर्णाली, साईखोला बजार, असराघाट बजार, रामघाट (दैलेख), शाघाँताडा बजार, तल्लो डुगेश्वर बजार, सोल्टा, कैलालीघाट, कुइने, चिसापानी आदी नाम गरेको बजारहरु अवस्थित रहेको छ । यि बजार तथा शहरहरु भविश्यसम्म विकास भई सञ्चालनमा रहिरहनको लागी पनि कर्णाली नदीलाई स्वतन्त्र रुपमा बग्न दिई पयर्टनको विकास गर्नु दिगो विकासको मुल उद्देश्य हुने छ, यसैको आधारमा नदी सँग जोडिएर बसेको सबै शहरहरु पर्यटन व्यवसायका रुपमा सुरक्षित हुनेछ । यसको लागी पनि कर्णाली नदीको संरक्षण गर्दै दिगो विकासको लक्ष्य प्राप्त गरी धार्मिक, आर्थिक, सामाजिक, महत्वलाई स्थाई राख्न सकिन्छ ।

(ग) नेपालको उतर तर्फ चिनको तिब्बत क्षेत्रको माप्चा चङगु मुहानबाट उत्पति भई नेपालको क्षेत्रमा करिब ५०७ कि.मी. पर्दछ । जसमा हुम्ला, कालिकोट, दैलेख, अछाम, सुर्खेत, डोटी, बर्दिया र कैलाली जिल्ला रहेको छ । ति जिल्लाको विभिन्न शहरहरु कर्णाली नदि संग जोडिएर रहेको शहरबजारहरु हिल्सा, हेप्का, नाम्खा बजार, खर्पुनाथ बजार, पिलुचौर बजार, पुलाहाँ कालिकोट, थिर्पू, जिते बजार, राकम कर्णाली, साईखोला बजार, असराघाट बजार, रामघाट (दैलेख), शाघाँताडा बजार, तल्लो डुगेश्वर बजार, सोल्टा, कैलालीघाट, कुइने, चिसापानी आदी नाम गरेको बजारहरु रहेको छ उक्त शहरहरु दिनानुदिन जनसख्या बृद्धि हुदै गएकोले त्यहाँवाट निस्कने फोहरमैलाहरु सिधै कर्णाली खोलामा थोपार्ने गरिएको छ जसले गर्दा कर्णाली नदिमा फोहरको कारण नदिमा भएको जलचरलाई असर हुनको साथै नदि नै प्रदुषिद भएकोले नदिको किनारमा फोहर थोपार्न तत्काल बन्द गर्नु पर्छ । यसरी नै विभिन्न शहरहरुले आफ्नो मलपुत्रको ढल सिधै कर्णाली नदिमा मिसाउदाँ कर्णाली नदिमा प्रदुषण हुने भएकोले ढलको फोहर पानी नदिमा नमिसिने गरी कर्णाली नदिको आसपास रहेको शहरहरुवाट निस्कने फोहरको ढलको व्यवस्था गर्नु पर्नेमा हाल सम्म कर्णाली नदिमा मिसाई नदि प्रदुषण भई रहेको छ । जनु कानूनको विपरित रहेको छ ।

५. कर्णाली नदि र पर्यटन व्यवसायको सम्बन्धः

(क) कर्णाली नदी, कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको सिमाना भएर बग्ने नदि हो, त्यसैले दुवै प्रदेशको पहिचान बोकेर निरन्तर बगीरहेको छ । यस नदिको दिगो पहिचान कायम गर्नको लागी नदीको पानीको हाल भई रहेको प्राकृतिक बहावलाई छेकथुन गरी विद्युत उत्पादन गरेर यस क्षेत्रको दिगो विकास गर्न सम्भव छैन । कर्णाली क्षेत्रको दिगो विकासको लागी कर्णाली नदिसँग जोडिएको सम्पुर्ण व्यवसायहरुलाई प्रर्बद्धन र विकास गरेर मात्र सम्भव हुन्छ । कर्णाली नदिलाई ठाऊँ ठाँऊमा विद्यतु निकालेर मात्र यस क्षेत्रको संरक्षण तथा राज्यको दिगो विकास हुदैन । दिगो विकास र भावी सन्ततीको लागी कर्णाली नदिलाई स्वतन्त्र रुपमा बग्न दिनु महत्वपूर्ण कार्य हुनेछ । विद्युत उत्पादनको आवश्यकतालाई हेर्दा नेपालको अन्य नदिहरुबाट र कर्णाली नदिको साहयक नदिवाट पनि प्रयाप्त र नेपाललाई आवश्यक्ता पर्ने जति पनि विद्युत उत्पादन गर्न सक्ने अध्ययन वाट प्रष्ट भएको छ र हाल निरन्तर उत्पादन भई रहेको पनि छ । यसरी हेर्दा नेपालको आन्तरिक आवश्यकता पुर्ति हुनुको साथै विदेश निकासी समेत गर्न पुग्ने अवस्था अन्य नदिबाट नै पुग्ने अवस्था छ । यसर्थ कर्णाली नदिको प्राकृतिक स्वरुपमा दिई हाम्रो जलिय जैविक विविद्यता संरक्षण हुने, भौगोलिक अवस्था र प्राकृति सुन्दरताको अवलोकन गर्न पाउने र निरन्तर स्वच्छ वातावरण कामय भई रहनेछ तर विद्युत उत्पादनको लागी सर्वेक्षण लाईसन तथा अनुमति वितरण गर्दै जाने, विद्युत उत्पादन गरिने कार्यले यसको दिगो उपयोग र विकासमा असर पर्ने अवस्था विद्यमान छ । साथै कर्णाली नदि संग आश्रीत भएर परापुर्व काल देखि आदीवासी जनजातीका समुदायहरु बसी आफ्नो जिविका संचालन गरी आएका छन् ।

(ख) कर्णाली नदिमा र्‍यफिटङ्ग तथा कायाकिङ्ग (Rafting and Kayaking) को लागी विदेशी पर्यटकहरु हजारौ डलर तिरेर आउने गर्दछन् । त्यस लगायत आन्तरिक पर्यटकहरु पनि प्राकृतिक सुन्दरतामा रमाउन विभिन्न क्षेत्रवाट आउने गर्दछन् । यसरी आएको पर्यटकहरुको माध्यमवाट Rafting,Fishing,home stay,hike &trek .व्यवसाय बाट विदेशी रकम र स्थानियहरुले आफ्नो जीविकोपार्जनमा उल्लेखनीय लाभ गरी प्रत्यक्ष राज्यलाई आर्थिक योगदान पुर्‍याउने कार्य गर्दछ । यसरी नै स्थानीय खाना, भेषभुषा, भाषा, संस्कृतिको प्रबर्द्धनका अलवा स्थानीयहरुले रोजगाार समेत पाएका छन् । हालको अवस्थालाई नै हेर्ने हो भने पनि कर्णाली नदिमा र्‍यफिटङ्ग तथा पर्यटन व्यवसाय संञ्चालन गर्ने कम्पनीहरु प्रयाप्त छन् । साथै (Angling (माछा समादै त्यही समुद्रमा छाड्ने) कार्यका लागी पनि लाखौ खर्च गर्न विदेशीहरु कर्णाली

नदिमा आउने माछा समाउने खेल खेल्न गर्दछन् । जलिय पर्यटनको प्रवल सम्भावना भएको नदिमा हाल निरन्तर नदिमा गैर कानूनी रुपमा उत्खनन् गर्ने गरेको कारण नदिको वहाव नै परिवर्तन भएको छ तर सरकार कानून बमोजिमको कारवाही नगरी वसेको अवस्था छ भने नदिमा शहरवाट निस्कने फोहोरयुक्त वस्तुहरु सिधै नदिमा फाल्ने गरेकोले दिनानुदिन प्रदुषित भई रहको छ । यसरी नै शहरको ढलहरु समेत नदिमा मिसाइ नदिलाई नै प्रदुषित पारिएको छ ।

(ग) यसरी कर्णाली नदि संरक्षण सहितको विकास आयोजना लागू हुदाँ विश्वको पर्यटकहरुको उत्कृष्ट गन्तव्य कर्णाली नदि हुन्छ, जलचरिय जैविक विविधताको संरक्षण हुन्छ र देश विदेशबाट अवलोकन गर्न आउने पर्यटकहरुले बगेको नदीको अवलोकन गर्न पाऊछन् । यसरी संरक्षण र प्रचारप्रसार गरेको खण्डमा पयर्टकको संख्या बढ्नुको साथै नेपालको आर्थिक अवस्था पर्यटनको माध्यले समेत बृद्धि हुन्छ । यसरी नै नदीलाई आधार मानी नदी पर्यटन, राफटिङ व्यवसाय, होटल रिर्सोट व्यवसाय, आधुनिक कृषि व्यवसायहरुको समेत नदीको संरक्षणले उचित प्रर्बन्द्धन हुनेछ । कर्णाली नदीको कारण त्यसको छेऊमा बसेको शहरहरु एउटा पर्यटन शहरको रुपमा विकास हुदै गएको छ ।

(घ) कर्णाली नदिलाई दिर्घकालिन रुपमा संरक्षण हुने गरी नगरेको विकासले कर्णाली नदिको पहिचान हराउने र नदी संग जोडिएको शहरको पर्यटन ब्यवसाय धरासय हुन्छ साथै कर्णाली करिडोर भएर हजारौ पर्यटकहरु मानसरोभर तिर्थ यात्रामा बार्षिक रुपमा आऊ जाऊ गर्ने गरेको पर्यटकले हेर्ने सुन्दरता समेतमा प्रभाव पर्दछ । कैलास भारतिय धार्मिक पर्यटकहरुका लागी यो मार्ग सस्तो र छोटो हुने मार्ग भित्र पर्दछ । कर्णाली नदि करिडोरमा पर्यटन व्यवसाय (ऱ्यफिटङ्ग व्यवसाय, होटल एण्ड लज व्यवसाय, कृषि व्यवसाय लगायत) फस्टाउने निश्चीत छ । तसर्थ पनि कर्णाली नदिलाई समग्र रुपमा संरक्षण गर्नु पर्ने आवश्यक रहेको छ । यसरी नै कर्णाली नदिको किनारामा बसेको थुप्रै सहरहरु पर्यटन शहरका रुपमा विकास गर्दै लैजानु आजको आवश्यकता हो जसको लागी कर्णाली नदीको संरक्षण गर्न बहुउपयोग तथा दिगो विकासको नीति विना सम्भव छैन । संरक्षण गर्नको लागी हिमाल, ताल, निकुञ्जको नाऊमा कानून द्धारा नै संरक्षित क्षेत्र घोषण गरिएको छ तर कुनै पनि नदिको नाऊमा वा कुनै नदिलाई संरक्षित नदि भनि आज सम्म घोषणा गरिएको छैन् तर भावी सन्तीको लागी बचाई राख्न पनि अब नदिलाई संरक्षित नदि भनेर घोषणा गर्नु पर्ने अवस्था आएको छ । यसरी नै नेपालको सगरमाथा, काठमाण्डौ उपत्याकाको पशुपतिनाथको मन्दिर, भैरवाको लुम्वीनी जस्तै

पश्चिम नेपालको कर्णाली नै एक सान, पहिचान कर्णाली नदिको भएकोले संरक्षण गर्नु विपक्षीको दाहित्व रहेको हुनु पर्छ । साथै यस नदि संग आश्रित आदिवासी जनजाति समुदायको हकहित सुरक्षित गर्नको लागी पनि कर्णाली नदिलाई संरक्षित क्षेत्र घोषणा गर्नु दिगो विकासको लक्ष्य पुर्ति गर्ने एक आधार हो ।

६. कर्णाली नदीको जैविक विविधताको महत्वः

(क) विश्वको नदिको विषयमा चर्चा गर्दा नेपाल पानी दोस्रो धनि देश हो भनि मानिएको छ यसर्थ पनि हामीले कर्णाली नदीलाई परापूर्वकाल देखि नै धार्मिक रुपमा पनि मान्दै आएका छौ । यहाँका स्थानिय जनताहरु यस नदी प्रति सम्मानूर्वक आदर तथा गर्व गर्दछन् । कर्णाली नदिको जैविक विविधताको महत्व अन्य नदी भन्दा फरक रहेको स्पष्ट छ । यस नदीमा विभिन्न प्रजातीहरुको बासस्थान हुनुको साथै यहाँ रहेको जलचरीय प्रजातीहरुको कारण आफ्नै छुटै पहिचान तथा महत्व बोकेको छ, यसको संरक्षण गर्नु राज्य समेतको कर्तव्य हो । नेपालमा रहेको साना ठूला गरी ६००० नदी नाला रहेको तथ्य छ, जस मध्येको एक फरक पहिचान बोकेको नदीको रुपमा कर्णालीलाई लिन सकिन्छ । यहाँ हजारौ प्रजातिका चराचुरुगीहरुले कर्णाली नदीलाई आधार मानी बासस्थान बनाएका छन्, साथै असला लोपन्मुख सहर जातको माछा, गोही र संकटापन्न डल्फीन जस्ता प्रजातिहरुको बासस्थान पनि हो । कर्णालीको जैविक विविधताको एक महत्वपुर्ण जलचरको संग्रालयको रुपमा लिन सकिन्छ । तर आज सम्म विपक्षीहरुले कुनै कार्य थालनी गरिएको छैन उक्त कार्य समेत राष्टिय जलस्रोत नीति, २०७७ विपरित रहेको छ ।

(ख) यसलाई बचाँई राख्नु आजको आवश्यता मात्र नभई भविष्यको लागी एक परिचित कर्णाली नदि बनाउनु पनि हो । यस नदीमा पाइने थुप्रै प्रजातिका जलचरहरु जलतापक्रम अनुसार तल-र-माथि बासस्थान बनाएर बस्ने गर्दछन्, प्रजनन् गर्न पनि तल्लो तटियक्षेत्रवाट माथिल्ला तटियक्षेत्रको चिसो पानी आवश्यक हुन्छ, यदि ड्याम निर्माण गरियो भनि जलिय मार्ग थुनिन्छ र यि प्रजातिको अस्तित्व नै समाप्त हुने सम्भावना हुन्छ । त्यसैले यो नदीलाई सुरक्षित राखी नेपाल भित्र भएको अन्य नदीहरुवाट विद्युत उत्पादन गर्न सकिन्छ भने कर्णालीको शाखा नदीहरुवाट पनि प्रयाप्तमात्रमा विद्युत उत्पादन र विक्री गर्न सकिन्छ तर विग्रीएको नदी पुनः प्राकृतिक नदीको स्वरुपमा लैजान भने सकिन्दैन अर्थात कर्णाली नदीको जैविक विविधतालाई पुनःभरण गर्न सकिदैन । त्यसकारण पनि नेपालको एक कर्णाली नदी प्रणालीको जैविक

विविधतालाई बचाई दिगो विकास गर्नको लागी कर्णाली नदिलाई जैविक विविधताको संरक्षण र नदीको प्राकृतिक अवस्था निरन्तर कायम राखी राख्नु पर्दछ । यो हाम्रो लागी र भावी सन्ततिको लागी आवश्यक र अपरिहार्य विषय हो । यसरी नै नेपालमा विभिन्न नदिहरुमा गरिएको अनुशन्धानले कर्णाली नदि उच्च महत्व भएको (Higgh conservation value River मध्ये पर्दछ[2] । त्यसैले पनि यसको संरक्षण सम्बर्द्धन गर्नु पर्छ ।

(ग) **कर्णाली नदीमा विश्वकै लोपोन्मुख प्रजातिको गोल्डन महसीर** (Golden Mahseer) **माछाः यो माछा समग्र नदि प्रणाली चलायमान राख्नको लागी अति महत्वपूर्ण मानिन्छ । जल प्रणालीमा यस माछाको भूमिका जंगलको बाघ बराबर हुने हुदाँ, यसलाई** "Tiger of River" **को संज्ञा/उपनाम दिईएको छ । कर्णाली नदिमा यो माछा डल्फिन र घाडीयल गोहीको मुख्य आहाराको रहेको प्रजाति भएकाले समग्र जलीय प्रणालीको सन्तुलनको लागी आती आवस्यक प्राणी हो । डल्फिन र घाडीयल गोही नेपालका संरक्षित जीवहरु हुन् भने यी दुवै प्रजाति लोपोन्मुख श्रेणी अन्तर्गत परेको छ** (IUCN Red List CategoryÙ Gangatic Dolphin ( Endangered), Gharial (Critically Endangered) **। नेपालमा** बाँकी **रहेको डल्फिन र घाडीयल गोहीको संख्या आज खतरामा परेको जलचर हो । त्यसैले महासिर माछालाई संरक्षण र जनसंख्या बृद्धि गरि राख्नु आवस्यक रहेको छ । यदि गोल्डन महसीर** (Golden Mahseer) **माछाको संख्यामा ह्रास आएमा कर्णालीमा भएको डल्फिन र घाडीयल गोहीको आहारामा समेत संकट हुने छ । महासिर माछाको प्रजनन्का लागी चिसो पानि आवस्यक पर्ने भएकोले तल्लो तटिय क्षेत्रबाट माथिल्लो तटिय क्षेत्रमा आवतजावत गर्ने भएकोले कर्णाली नदिलाई संरक्षणका लागी तत्काल नै पहल गर्ने, सरकारको तर्फवाट संरक्षणको कार्यक्रम/कार्ययोजना ल्याउनु पर्ने भएकोले गोल्डन महसीर** (Golden Mahseer) **माछा बाचाउनका लागी कर्णाली नदीलाई संरक्षण क्षेत्र घोसणा गर्नु पर्ने अवस्था रहेको छ ।**

७. कर्णाली नदी संरक्षण र बिद्युत उत्पादन :

क. हरेक नदीको महत्व भएकोले आ-आफ्नो किसिमले राज्यले संरक्षण गर्नु पर्छ । नेपालको नदीको स्रोत हाम्रो उतरको हिमाली र पहाडी भुभाग नै हो, त्यसैले नदिहरुको स्रोतको संरक्षण गर्दै हरेक नदीहरुको आ–आफ्नो पहिचान बोकेकोले प्राकृति संरक्षण नितान्त आवश्यकता हुन्छ ति सवै नदिहरु एकै प्रकृति र एकै प्रकारको महत्व समेत

[2] PAANI PROGRAM | पानी परियोजना HIGH CONSERVATION VALUE RIVER ASSESSMENT – METHODOLOGY AND RESULTS

हुदैन । नेपालमा आ-आफ्नो पहिचान र महत्वका नदिहरु पाईन्छ । ती सवै नदी नालाबाट विद्युत उत्पादन पनि हुदैन र गर्न पनि हुदैन । त्यसैले नेपाल सरकारले अब नेपालको नदीहरु मध्ये कुन कुन नदिलाई बिद्युत उत्पादनमा प्रयोग गर्ने र कुन कुन नदीलाई पर्यटन व्यवसाय, कृषी व्यवसायको लागी, सिंचाईको लागी वा साहसीक व्यवसायको लागी, मानव सभ्यताको लागी, जैविक विविधताको लागी प्रयोग गर्ने हो तत्काल छुट्याउनु पर्ने बेला आएको छ । त्यसैले प्राकृतिक रुपमा कर्णाली नदिलाई संरक्षण गरिएको खण्डमा विश्व सामु नेपाललाई चिनाउन सकिन्छ तर अहिले नेपाल सरकारको एक मात्र ध्यान जुन सुकै नदीवाट जसरी पनि बिद्युत उत्पादन गर्ने निति लिइएको पाइन्छ । यो दिगो विकासको बाटो होईन त्यसैले प्रकृति माथिको अनिन्यत्रीत दोहनलाई अन्त्य गरी नदीको संरक्षण गर्नु जरुरी रहेको छ । बिद्युत उत्पादन गर्नु आजको आवश्यकता हो, उत्पादन गर्नु पर्छ, विद्युत चाहिएको छ तर हामी सँग कर्णाली नदि बाहेक पनि अझै करिब ७० हजार मेघावाट (MW) विद्युत उत्पादन गर्ने क्षमता नेपालको अन्य नदीहरुको पनि रहेको छ । उक्त विषयमा विपक्षी नेपाल सरकारले कुनै पनि ध्यान दिएको देखिन्दैन । कर्णाली नदिमा विकासको लागी प्रयोग गर्दा संरक्षणको महत्वलाई विर्सिनु हुदैन ।

८. कर्णाली नदीको संरक्षण र दिगो बिकासः

क. राष्ट्रिय जलश्रोत नीति कर्णाली बेसिन र बिद्युत उत्पादन :

नेपालमा जलश्रोत अत्यन्त महत्वपूर्ण प्राकृतिक श्रोतको रुपमा रहेको छ । नेपालको छ हजार नदि मध्ये एक कर्णाली नदि नै हो, यो आफैमा जलश्रोतको भण्डार हो । यसको उपयोग केवल बिद्युत उत्पादन र सिचांईको प्रयोग मात्र हेरेर नीति तय गर्नु हुदैन बहुपक्षीय उपयोगको दृष्टिवाट हेर्नु पर्ने हुन्छ । विद्युत उत्पादनको नजरवाट हेर्ने हो भने नेपालमा भएका अन्य नदिहरुबाट पनि नेपालको माग र निकासी गर्न पुग्ने विद्युत उत्पादन हुने भएकोले नदि प्रणालीको जैविक विविधतालाई बँचाई राख्नको लागि बिद्युत उत्पादन विहिन राख्नु सकेमा भावी दिनमा जलवायु परिवर्तन र जोखिम व्यवस्थापन गर्न सक्ने अवस्था रहन्छ । यसै सन्दर्भमा नेपालले अंगिकार गरेको राष्ट्रिय जलश्रोत नीति २०७७ को व्यवस्था हेर्ने हो भने मुल रुपमा राष्ट्रिय हित अनुकुलन तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गरिएको छ । जलवायु परिवर्तनको असर कम गर्न जलश्रोतको समुचित

बहुआयामिक र समन्वयात्मक उपयोग सहित जलाधार व्यवस्थापन, जलवायु परिवर्तन न्युनीकरण गर्ने विषय समावेश गरिएको छ । यसरी नै प्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन तथा बहुउपयोगी विकास र दिगो रुपमा उपयोग गर्ने, नदी बेसिन गुरु योजनाको आधारमा जलश्रोतको उपयोग तथा व्यवस्थापन गरिने, एकीकृत जलश्रोत व्यवस्थापन तथा जलश्रोतको बहुउद्देश्यीय उपयोग नीतिलाई प्राथमिकता दिइने भन्ने राष्ट्रिय जलश्रोत नितिमा उल्लेख भएको भएतापनि कर्णाली नदिमा हाल भई रहेको विकास निर्माण अन्तर्गत बिद्युत उत्पादनको आयोजना मात्र प्रमुख रुपमा भई रहेको हुदाँ उक्त कार्य जलश्रोत नीति विपरीत भएको छ । यसर्थ अब उपरान्त कुनै पनि विकास आयोजना निर्माण गर्ने क्रममा राष्ट्रिय जलश्रोत नीति, २०७७ मा भएको व्यवस्था अनुरुपमा विकास निमार्णको आयोजना बनाउनु पर्ने आवश्यकता रहेको छ तर नीति विपरित काम कारवाही  भई रहेको छ । उक्त कानून तथा नीति विपरितको कार्य तत्काल रोक्नु पर्छ ।

ख. जलविद्युत् आर्थिक विकासको मेरुदण्ड हो । नेपालमा जलविद्युतको सम्भावना ८३ हजार मेगावाट भने पनि ४३ हजार मेगावाट मात्रै आर्थिक हिसाबले सम्भाव्य रहेको अध्ययनले देखाएको छ । भारतमा जलविद्युत्को सम्भावना एक लाख ५० हजार मेगावाटमध्ये ८४ हजार ४४ मेगावाट र पाकिस्तानको एक लाख मेगावाट सम्भावनामध्ये ५९ हजार मेगावाट मात्र आर्थिक हिसावले सम्भावनायुक्त रहेको छ।नेपालमा पर्याप्त विद्युत् उत्पादन हुन नसक्दा लामो समयसम्म विद्युत भार कटौतीको समस्या रहेकाले पछिल्लो समय विद्युत् आयोजना निर्माणमा विशेष जोड दिन थालिएको छ। तर विद्युत् उत्पादनको नाममा आज जसरी अन्धाधुन्ध लाइसेन्स वितरण गरिएको छ, यसले नदीनालाको अस्तित्व नै सङ्कटमा पार्ने अवस्था सिर्जना भएको छ । कुनैपनि नदीनालाले आफ्नो बहावलाई कायम राख्न सकेका छैनन् । सन् २०१७ मा युथ एलायन्स फर इन्भाइरोमेन्टले गरेको एक अध्ययनमा पहाडी र उच्च पहाडी भेगका प्रायःसम्पूर्ण साना र ठूला नदीहरुमा विद्युत् उत्पादनका लागि लाइसेन्स वितरण भएको देखिन्छ । विद्युत् उत्पादन गरेर देश धनी हुने जुन सपना बांडिएको छ, यसले ल्याउने आर्थिक तथा वातावरणीय चुनौती प्रति सरोकारवालाको खासै ध्यान जान सकेको छैन[3] ।

[3] https://yae.org.np/%E0%A4%B8%E0%A4%82%E0%A4%95%E0%A4%9F%E0%A4%AE%E0%A4%BE-%E0%A4%AA%E0%A4%B0%E0%A5%8D%E0%A4%A6%E0%A5%88%E0%A4%9B%E0%A4%A8%E0%A5%8D-%E0%A4%A8%E0%A4%A6%E0%A5%80%E0%A4%A8%E0%A4%BE%E0%A4%B2%E0%A4%BE/

ग. पश्चिम पहाडी क्षेत्रका पानीका मुहानको समस्याः

नेपालका पश्चिम पहाडी क्षेत्रका पानीका मुहानमा पानीको बहाव ७० प्रतिशतले घटेको देखाएको छ।खासगरी महाभारत, चुरे तथा भावर क्षेत्रमा यो अवस्था निकै जटिलपूर्ण रहेको सो अध्ययनले देखाएको छ । मुख्यदेखि सहायक सडकहरु निर्माण गर्दा नदी किनारलाई नै मुख्य आधार बनाउने गरिएको छ । सडक खन्दा निस्कने सबैखालको ढुङ्गा, माटो नदीमै फाल्ने गरिन्छ भने विद्युत् आयोजनाका सुरुङ खन्दा निस्कने चट्टान (मग) वा अन्य खनिज वस्तुलाई सिधै नदीमा फाल्ने गरिएको छ । वर्षायाममा नदीले बगाएर त्यसलाई तल्लोतटीय क्षेत्रमा थुपार्ने र खोलाको सतह माथि उकासिदा कृषियोग्य जमिन बगरमा परिणत हुने गरेको छ । सहरीकरणसँगै त्यसबाट निस्किएको ठोस फोहोरमैला, ढल, अस्पतालजन्य अति हानीकारक फोहोरमैला आदिको विना प्रशोधन कुनै न कुनै नदीमा नै विसर्जन गर्ने हाम्रो परम्परा बसिसकेको छ जसले गर्दा हाम्रा खोलानालाहरु पूर्ण रुपमा प्रदूषित हुँदैछन् । नदीनाला जस्ता प्राकृतिक स्रोतको दोहन पछिल्ला वर्षहरुमा निकै हुने गरेको छ।राजनीतिक पहुँच, प्रशासनिक मिलेमतो र कमजोर अनुगमन प्रणालीको फाइदा उठाउँदै गिटी, बालुवा, ढुङ्गाजस्ता नदीजन्य पदार्थको उत्खनन् भएको छ । यसले गर्दा पहाडी र तराई क्षेत्रमा नदीनालाको पारिस्थितिय प्रणाली पूर्णरुपमा सखाप पार्ने काम भइरहेको छ[4] ।

घ. कर्णाली नदी नेपालको उतरबाट दक्षिण भारत सम्म बग्ने मूल नदि हो यसको अन्य सहायक नदिहरु ६ वटा छन् । जहाँबाट प्रसस्त विद्युत उत्पादन गर्न सकिन्छ । तर कर्णाली नदीको प्राकृतिक बहाब र जैविक विविधताको संरक्षण सगै कर्णाली नदीको ५०७ कि. मी. लामो प्राकृतिक स्वरुपलाई बहुउपयोग गर्नु पर्दछ । कर्णाली नदीलाई भावी सन्ततीको लागी सुरक्षित गर्नु व्यवहारीक र वातावरणीय दृष्टीले समेत उपयुक्त हुन्छ । जसले गर्दा भावी सन्ततीलाई कर्णाली नदि भनेर देखाउन सकिन्छ । यो हाम्रो लागी भविष्यमा गौरबको विषय बन्ने अबस्था पक्का छ । यदि बेलैमा गहन रुपले संरक्षण नगर्ने हो भनी भविष्यमा दुःख लाग्दो बिषय बन्न सक्छ, त्यसैले बेलै देखि सोच्नु आजको आवश्यक्ता हो । हामीले कुनै पनि प्राकृतिक श्रोतको दिगो विकास, दिगो उपयोग गर्नु पर्छ । त्यसको मुख्य बिषय के हो भने भएको प्राकृतिक बस्तुलाई

---

[4] युथ फर एलायन्स संस्थाले सन् २०१९ मा गरेको एक अध्ययन

भोलीको दिनमा हेर्नको लागि वा महसुस गर्नको लागि विकास गर्नु पर्छ । यसर्थ विद्युत उत्पादन गर्न आवश्यक भएता पनि सोही क्षेत्रका अन्य नदीहरु बाट उत्पादन हुन सक्ने भएकोले सर्वपक्षिय दिगो विकास गर्न पनि कर्णाली संरक्षण गर्न समेत विना रोक तोक प्राकृतिक बहावमा बग्न दिनु आजको आवश्यकता रहेको छ ।

९. कर्णाली नदिको प्राकृतिक अधिकार :

(क) प्रकृतिको नियम अनुसार नदीका पनि प्राकृतिक अधिकार हुन्छन्, तिनीहरु पनि जीवित व्यक्ति सरह हुन् र तिनको पनि मानव जातिको जस्तै कानुनी हैसियत हुन्छ भन्ने मान्यता विश्वव्यापी रुपमा फैलिँदै गएको छ । यो एउटा नयाँ विधिशास्त्रका रुपमा उदाइरहेको छ । इक्वेडोरको संविधानले नै the right of nature to exist, persist, evolve, and regenerate[5] भनेर स्पष्ट रुपमा समावेश गरेको छ । अमेरिका, न्युजील्यान्ड, भारत, कोलम्बिया आदि देशका विभिन्न तहमा कतै कानुन बनाएर त कतै अदालतको व्याख्याबाट प्रकृति तथा नदीहरु मानिसले जथाभावी दोहन गर्ने, लुट्ने, बिगार्ने, नष्ट गर्ने स्रोत होइनन् अपितु व्यक्तिसरह अधिकार राख्छन् भन्ने मान्यता स्थापित गरिएको छ । त्यसका लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न पहल भइरहेका छन् । संयुक्त राष्ट्रसंघबाटै विश्वव्यापी घोषणापत्र जारी गराउन दबाब बढिरहेको छ । यसै क्रममा सन् २००९ मा संयुक्त राष्ट्रसंघको महासभाले अप्रिल २२ लाई International Mother Earth Day घोषणा गरेर पृथ्वी माता दिवस मनाउन सुरु गरेको हो भने World People’s Conference on Climate Change and the Rights of Mother Earth, 2010 ले प्रकृति अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र Universal Declaration on the Rights of Mother Earth[6] विकास गरी महासभाबाट औपचारिक तवरले

---

5. Charman, C. (2008). Ecuador First to Grant Nature Constitutional Rights, Capitalism Nature Socialism, 19:4, 131 133, DOI: 10.1080/10455750802575828. Retrieved from https://www.tandfonline.com/doi/abs/10.1080/10455750802575828?journalCode=rcns20#:~:text=Article%201%20of%20the%20new,and%20its%20processes%20in%20evolution.

[6] UNIVERSAL DECLARATION OF THE RIGHTS OF MOTHER EARTH Preamble We, the peoples and nations of Earth: considering that we are all part of Mother Earth, an indivisible, living community of interrelated and interdependent beings with a common destiny; gratefully acknowledging that Mother Earth is the source of life, nourishment and learning and provides everything we need to live well; recognizing that the capitalist system and all forms of depredation, exploitation, abuse and contamination have caused great destruction, degradation and disruption of Mother Earth, putting life as we know it today at risk through phenomena such as climate change; convinced that in an interdependent living community it is not possible to recognize the rights of only human beings without causing an imbalance within Mother Earth…

**Article 1. Mother Earth:**

(1) Mother Earth is a living being. (2) Mother Earth is a unique, indivisible, self-regulating community of interrelated beings that sustains, contains and reproduces all beings. (3) Each being is defined by its relationships as an integral part of Mother Earth. (4) The inherent rights of Mother Earth are inalienable in that they arise from

पारित गराउन संयुक्त राष्ट्रसंघलाई बुझाइएको छ । साथै नदी अधिकारका लागि विभिन्न पहल भएका छन् र नागरिकहरुको तहबाट नदी अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र Universal Declaration of Rights of Rivers तयार गरेर संयुक्त राष्ट्रसंघलाई बुझाइएको छ र त्यसको अधिकार सूचीमा सबै नदीलाई जीवन्त व्यक्ति सरहको अस्तित्व स्वीकार गर्दै तिनका बग्न पाउने, आफ्नो पारिस्थितिकीय प्रणाली भित्र आवश्यक कार्य गर्न पाउने, प्रदूषणबाट मुक्त रहन पाउने, दिगो जल भण्डारबाट पानी पाउने र जल भण्डार भर्न पाउने, रैथाने प्रजातिका जैविक विविधता पाल्न हुर्काउन पाउने, पुनर्उत्पादन र पुनर्स्थापन हुन पाउने लगायत व्यापक अधिकार[7] पाउने कुरा समावेश गरिएको छ । उक्त सन्दर्भमा पनि कर्णाली नदीको अस्तित्वलाई अविभाज्य राख्न जरुरी छ ।

(ख) अमेरिकामा जलविद्युत निकाल्नका लागि बनाइएका संख्या ड्यामहरुको घटाउन {Decommisioning} चलिरहेको छ तर नेपाल उल्टै ड्यामहरु बनाउँदै छ । सन् २०२१ को एक प्रतिवेदन अनुसार अमेरिकामा सन् २०२० सम्ममा करिब १,८०० ड्याम

---

the same source as existence. (5) Mother Earth and all beings are entitled to all the inherent rights recognized in this Declaration without distinction of any kind, such as may be made between organic and inorganic beings, species, origin, use to human beings, or any other status. (6) Just as human beings have human rights, all other beings also have rights which are specific to their species or kind and appropriate for their role and function within the communities within which they exist. (7) The rights of each being are limited by the rights of other beings and any conflict between their rights must be resolved in a way that maintains the integrity, balance and health of Mother Earth.

**Article 2. Inherent Rights of Mother Earth**

(1) Mother Earth and all beings of which she is composed have the following inherent rights: (a) the right to life and to exist; (b)the right to be respected; (c) the right to continue their vital cycles and processes free from human disruptions; (d)the right to maintain its identity and integrity as a distinct, self-regulating and interrelated being; (e) the right to water as a source of life; (f) the right to clean air; (g) the right to integral health; (h) the right to be free from contamination, pollution and toxic or radioactive waste; (i) the right to not have its genetic structure modified or disrupted in a manner that threatens it integrity or vital and healthy functioning; (j) the right to full and prompt restoration the violation of the rights recognized in this Declaration caused by human activities;

(2) Each being has the right to a place and to play its role in Mother Earth for her harmonious functioning. (3) Every being has the right to wellbeing and to live free from torture or cruel treatment by human beings. Available at: https://celdf.org/rights-of-nature/timeline/

[7] The Universal Declaration of Rights of Rivers declares that "ALL RIVERS ARE ENTITLED TO THE FUNDAMENTAL RIGHTS set forth in this Declaration". It further declares that "all rivers are LIVING ENTITIES that possess legal standing in a court of law", and establishes that all rivers shall possess, at minimum, the following fundamental rights:

(1) The right to flow;
(2) The right to perform essential functions within its ecosystem;
(3) The right to be free from pollution;
(4) The right to feed and be fed by sustainable aquifers;
(5) The right to native biodiversity; and
(6) The right to regeneration and restoration. Available at https://www.rorsa.org/about.

भत्काइएका[8] थिए भने फेब्रुअरि २०२२ सम्म आइपुग्दा सो संख्या बढेर १९२९ पुगेको छ र विभिन्न प्रकारका ड्यामहरु भत्काएर[9] नदीलाई प्राकृतिक अवस्थामा फर्काउने प्रयास अहिले पनि भइरहेको छ । हाल ओरेगन राज्यबाट क्यालिफोर्निया भएर बग्ने Klamath River मा बनाइएका ड्याम भत्काएर प्रकृतिमा स्वच्छन्द रुपमा बग्न दिने काम सरकारीस्तर बाटै भइरहेको छ र त्यसलाई अमेरिकी इतिहासमा नदी पुनर्स्थापनाका लागि सबै भन्दा ठूलो प्रोजेक्ट 'Largest River Restoration Project in American History' मानिएको छ । सन् २०२३-२०२४ भित्र त्यसलाई सम्पन्न गर्ने योजना छ ।[10] उक्त प्रक्रिया पूरा गर्नका लागि संस्थागत रुपमा काम भइरहेको छ र सो क्रममा USSD Committee on Dam Decommissioning ले Guidelines for Dam Decommissioning Projects 2015 जारी[11] गरेरै काम गरिरहेको छ । सो अभियान अमेरिका हुँदै संसार भरि फैलिँदै छ र जलविद्युतजन्य ऊर्जालाई सोलार, वायु जस्ता स्वच्छ ऊर्जाका स्रोतबाट पूर्ति गरिँदै छ ।

(ग) संसारमा लाखौं प्राणीहरु पृथ्वीमा रहेको हुन्छ ति मध्ये मानव एक मात्र प्राणी हो, जुन विवेकशिल मानिन्छ र संसारको प्राणीहरुको संरक्षण गर्न मानवले मात्र सक्छ । अन्य प्राणीहरु जुन पृथ्वीको सतह, सतह भन्दा माथि र पृथ्वीमा रहेको जललाई आफ्नो बासस्थान बनाएर बसी रहेको अवस्था छ, हामी मानव तथा प्राणीहरु र प्रकृतिको बिचमा अनुन्यश्रीत सम्बन्ध रहेको छ । सामान्य अनुसन्धानको आधारमा समेत जमिनमा भन्दा जलमा धेरै जीवित प्राणी र केही महत्वपुर्ण बनस्पतिहरु रहने वा बस्ने गर्दछ । त्यसलाई बचाउन हामी संसारको चेतनशील एक मात्र मानव जाती नै हौ र यसको विनास गर्ने पनि मानव नै हो अन्य कुनै प्राणी पुथ्वीमा छैन । हाम्रो आवश्यकता पुर्तिको लागी जथाभावी विकास गर्दा प्राकृतिक बस्तुहरुको चक्रीय प्रणालीमा निरन्तररुपमा पर्यावरणीय प्राणाली विग्री रहेको छ, अब त्यस प्रकारको गल्ती नहोस् भनी हामीले कानून, निति तयार गरी लागू गर्नु गराउनु प्रत्येक राज्य सरकारको

[8] Congressional Research Service. (2021). Dam Removal and the Federal Role (2021, October 27). Congressional Research Service. Retrieved from https://crsreports.congress.gov R46946.

[9] *American Rivers. (2022). Raw Dataset— ARDamRemovalList_figshare_Feb2022. Retrieved from* https://figshare.com/articles/dataset/American_Rivers_Dam_Removal_Database/5234068?file=34106837

[10] State of California. (2023). Largest River Restoration Project in American History Set to Begin (Published: Dec 08, 2022). California Governor Gavin Newsom. Retrieved from https://www.gov.ca.gov/2022/12/08/75829/.

[11] U. S. Society on Dams. (2015). Guidelines for Dam Decommissioning Projects. Retrieved from https://www.ussdams.org/wp-content/uploads/2016/05/15Decommissioning.pdf

दायित्व र कर्तव्य हो तर हाम्रो राज्यको कुनै पनि निकायहरु त्यस तर्फ गएको छैन् । नेपालमा भएको ६००० नदि नाला मध्ये कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको सिमाना समेत छुट्टयाउने नदी लाई हाल कायम भएको प्राकृतिक सुन्दरतालाई कुनै परिवर्तन नगरी त्यहाँको जैविक विविधतालाई भावी सन्ततीको लागी नासोको रुपमा बचाँई राख्नु राज्यको मूल दायित्व हो ।

१०. नदि प्रणाली र जलवायू परिवर्तनको सम्बन्धः

क. नदि चक्र सँग जलवायु परिवर्तनको विषय एक आपसमा पुरकको रुपमा रहेको छ । यसर्थ जलवायु परिवर्तनको मुद्दालाई अन्तराष्ट्रिय रुपमा स्थापना गर्ने कार्य सवै देशले गरी सकेको छ र आज विश्वको देशहरु वातावरण संरक्षरण गर्नको लागी कार्वन कटौती र हरित गृह ग्यासको उत्सर्जन कम गर्न लागी परेको छन् किन कि आजको जल्दो वल्दो समस्या जलवायु परिवर्तन हो । यसको समस्या एक देश, एक स्थान, क्षेत्रमा र प्रभाव नपारी विश्व व्रावाडा लाई नै असर पार्छ । त्यसैलाई न्यूनिकरण गर्नु प्रत्येक राज्यको कर्तव्य हुनेछ , यसै सन्दर्भमा Sotokholm सम्मेलन भएको २० बर्ष पछि आयोजना गरिएको United Nations Framewolk Convation on Climate Change 1992, ले संसार भरि चर्चाको रुप लियो । यसमा २७ वाट सिन्द्धतहरु पारित गरीयो जुन बन्दधनकारी नहुने सिद्धान्त भए पनि यसको पालामा विश्वका धेरै देशहरु तयार पनि भए । नेपाल लगायत अन्य मुलुक समेत यस महासन्धिको पक्ष राष्ट्र भए । यस सम्मेलनको मूल उद्देश्य "Stabilization of green house gas Concentration in the atmosphere at a level that would prevent demgerous at a anthropogenice, to climate change to ensure that food production is not threatend and to enable economic development to proceed in a sustainable menner. [12] यो जलवायु महासन्धीले हरित गृह प्रभाव, ( Green House effcet) ,,,,,,,,,यसको असर कुनै एक राष्ट्र वा जातजातिले मार बेहोर्नुपर्ने नभई बिश्वब्यापि रुपमा यसको असर पर्छ त्यसको रोकथाम र त्यसको न्युनीकरण गर्नको लागी त्यसको रोकथामको लागि अर्थात अव यो भन्दा बढी समस्या नपरोस भन्नाको खातिर UNFCCC ( United Nations Fromework Convertion Climate Change 1992) Rio de jenerio मा सन् १९९२ आएको हो । नेपालले २१ मार्च १९९४ र २ मे १९९४ मा अनुमोदन समेत गरिसकेको छ ।[13] जलवायु

[12] United nations frame work Convertion on climate change 1992, principle 2

[13] United Nations, United Nations treaty servies , vol. 1760 p.79

परिवर्तन न्यनीकरण गर्न नदि प्रणालीको समेत महत्व पुर्ण भुमिका भएकोले यसको संरक्षण गर्नु राज्यको दायित्व हो । तर उक्त दायित्व पुरा गरेको अवस्था छैन । यसरी अध्ययन गर्दा जववायू परिवर्तनको समस्या एक राष्ट्रको मात्र नै यो विश्वब्यापी समस्या हो भन्ने स्वीकार भै सकेको सन्दर्भमा जलवायूको परिवर्तनले गर्दा आज बिश्व वातावरण संरक्षणको लागी एउटै निति र एउटै कार्य योजना बनाउनु पर्ने महसुस गरी समय समयमा क्षेत्रिय स्तर र अन्तराष्ट्रिय स्तरमा जलवायू परिवर्तनको रोगथाम सम्वन्धी सम्मेलन, गोष्ठीहरु भैरहेको छ । जलवायु परिवर्तनलाई न्यनीकरण गर्नको लागी नदिको पानी, पानीको मुहान सुक्न नदिनको लागी नदिको सरक्षण गर्नु पर्दछ ।

११. नदीको प्राकृतिक अधिकार :

क. नेपालमा साना ठुला गरी करिब छ हजार नदिनालाहरु रहेको तथ्य छ ति नदीहरुको आ–आफनो विषेशता र महत्व रहेको छ । आज सम्म नेपालको कुनै पनि नदिलाई प्राकृतिक अधिकार बाट संरक्षण गर्नु पर्छ वा कानूनी मान्यता सहितको अधिकार दिनु पर्छ भन्ने विषय उठिरहेको छ । तर नदीलाई कानूनी मान्यता दिनु पर्छ भन्ने विषय एक नयाँ विषय हो । त्यसैले कर्णाली नदी एक भिन्न पहिचान बोकेको नदी हो । कर्णाली नदिमा दिगो विकास र प्राकृतिक महत्वलाई कायम राख्दै नदिको उपयोग गर्नु पर्छ । यसरी गरिएको विकास मात्र नदी संरक्षण हुनको साथै नदी संग धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक लगायत विभिन्न व्यवसायहरुको उचित प्रबद्धन हुन्छ । कर्णालीको समग्र संरक्षण वाट दुवै प्रदेशको पहिचान र स्वच्छ वातारण कायम गर्दै दिगो विकासको अवधाराणमा वातावरणको संरक्षण गर्न सकिन्छ । यसरी नै नदी सँग आश्रित भएर बसेको हाम्रा शहरहरु, जलचरहरु, बन्यजन्तुहरु, बनस्पतीहरु समेत संरक्षण भई स्वच्छ वातावरण कायम गर्न टेवा समेत पुग्ने गर्दछ । नदीको संरक्षणले मानव मात्र सुरक्षित नभई अन्य समग्र जैविक विविधताको समेत उचित संरक्षण हुन्छ । नदीलाई प्रयोग गरेर विभिन्न किसिमको मनोरन्जन तथा जल सम्बन्धी साहासिक व्यवसायहरु सञ्चालन गरी जिविकोपार्जन गर्न समेत सकिन्छ जसले वैदेशिक आयआर्जन समेत हुन्छ । नदि संरक्षण गर्नको लागी भारतको हैदारवादको उच्च अदालतले नदीलाई मानव सरहको अधिकार माग सहित परेको मुद्दामा यसको महत्वलाई बुझी गंगा नदीलाई मानव सरहको अधिकार प्रदान गर्दै फैसला गरिएको छ । नेपालमा पनि एक मात्र कर्णाली नदीलाई दिगो रुपमा उपयोग गदै मानव सरह कानूनी अधिकार प्रदान गर्दा कुनै पनि आर्थिक नोक्सान र असर पर्ने अवस्था छैन । तर

हाल भएको कुनै पनि नेपालको कानूनको व्यवस्थामा नदीलाई कानूनी व्यक्ति सरह अधिकार प्रदान भएको छैन । कर्णाली नदिको जैविक विविधता समेतलाई जिवन्त राख्न र पुस्तौ पुस्ताको लागी पहिचान बचाउनको लागी प्राकृतिक अधिकार सम्पन हुने गरी अधिकार दिनु पर्छ राज्यको कर्तव्य हो ।

ख. प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकारः

कर्णाली नदि एक प्राकृतिक स्रोत भएकोले पहिलो उपयोगको हक स्थानीइ समुदायमा हुने छ यसको उदाहरणको रुपमा संयुक्त राष्ट्रसंघीय साधारण सभाले २८ जुलाई सन् २०१० मा एक प्रस्ताव (Resolution 64/292) पारित गरी खानेपानी तथा सरसफाइको अधिकारलाई मानव अधिकारको रुपमा मान्यता प्रदान गरिको छ । नेपाल समेत संयुक्त राष्ट्रसंघको सदस्यका भएको हैसियतले उक्त निर्णयको सम्मान, पालना र प्रवर्द्धन गर्नुपर्ने दायित्व हुन आउँछ । आदी वासी तथा जन जाती  सम्बन्धी महासन्धी १९९९ आइएलओ १६९ को धारा १५ मा सम्बन्धीत आदीवासीहरुको भूमिसँग सम्बन्धित प्राकृतिक स्रोतको अधिकारलाई विशेष रुपमा सुरक्षित गरिनेछ भन्ने उल्लेख छ । यसरी नै नेपालको संविधानको धारा ३५ (४) मा प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने व्यवस्था गरी नेपालमा पनि स्वच्छ खानेपानीको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । स्वच्छ खानेपानीमाथि नागरिकको पहुँचको सुनिश्चितताका लागि नदीको पानी पनि स्वच्छ हुनु पर्छ । खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ३, ४ र ५ मा गरिएका व्यवस्थाले पनि उक्त संबैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि आधार तयार गरेको छ, जस अनुसार स्थानीय समुदायले परम्परागत रुपमा उपयोग गर्दै आएको पानीमाथि सोही समुदायको अग्राधिकार रहन्छ । कर्णाली नदीको नदी वेसिन (तटीय भूभाग) क्षेत्र र जलाधार क्षेत्रमा बसोवास गर्ने जनताका लागि स्वच्छ पानीको एकमात्र स्रोत कर्णाली नदी हो र वस्तु (खानेपानी, सिंचाई र पानीजन्य आनुवंशिक स्रोत) तथा सेवा (पारिस्थितिकीय प्रणाली, संस्कृति र दृश्यावलोकन) का लागि यस क्षेत्रका बासिन्दा सोही नदीमा निर्भर रहेका छन् । नदी र नदी वेसिन (तटीय) क्षेत्र र जलाधार क्षेत्रमा उक्त नदी र नदी वेसिन क्षेत्रमा बसोवास गर्ने र नदीमा जीवन निर्भर रहेका स्थानीय समुदायको पनि अग्राधिकार हुने भएकोले उक्त समुदायको स्वतन्त्र पूर्वसूचित सहमति (Free Prior Informed Consent - FPIC) विना उक्त क्षेत्रमा कुनै पनि गैर कानूनी हस्तक्षेप गर्न नपाइने व्यवस्था गर्नु पर्छ । वास्तवमा मनसुनी वर्षाको कमी भएको समयमा कर्णाली नदी आसपासका

जनता स्वच्छ खानेपानी र सिंचाइका लागि लिफ्टिङ्ग र परम्परागत ज्ञानमा आधारित पानी आपूर्ति प्रणालीको अवलम्बन गर्दै आएका छन् । यस्तो अवस्थामा कर्णाली नदीको प्राकृतिक वहावमा परिवर्तन ल्याउने गरी यसको नदी वेसिन र जलाधार क्षेत्रमा गरिने हस्तक्षेप कर्णाली नदी बेसिन क्षेत्रका लाखौं बासिन्दाको स्वच्छ पानीमाथिको मानव अधिकारलाई कुण्डित पार्ने अवस्था रहेको छ । यसर्थ नेपालको संविधानका धारा १६ द्वारा प्रद्धत्त सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक र धारा ३५ (४), ५१(छ)(१) र (८) द्वारा प्रदान गरिएको स्वच्छ वातावरण माथिको हक तथा पहुँचमा नै गंभीर असर पर्ने भएकोले कर्णाली नदीको मुख्य प्राकृतिक वहाव क्षेत्र, यसको नदी वेसिन क्षेत्र र जलाधार क्षेत्रमा प्रभाव पर्ने र हस्तक्षेप हुनेगरी कुनै पनि कार्य गर्न नगरी कर्णाली नदिको उपयोग गर्नु पर्दछ ।

१२. नेपालको सन्दर्भमा नदी संरक्षण सम्बन्धी कानून, नियम नितिहरुको सम्बन्धमा :

क. नेपालको सर्न्दभमा सानाठुला सबै नदी नालाहरु प्राकृति स्रोत र सम्पदा हुन् । नदी भित्र र यस संग जोडिएको प्राकृतिक बस्तुहरु समेतलाई संरक्षण, उपयोग गर्न छुटै नदी सम्बन्धि कानुन निर्माण भएको छैन । तर छरिएर रहेको कानुनहरुले नदिको उपयोग, नदि संग सम्बन्धी प्राकृतिक बस्तुका उपयोग गर्न केही कानुनहरु रहेको छ । जसमा नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरीकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ । ऐ.को धारा ३०(३) मा राष्ट्र विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलन हुनु पर्दछ । ऐ.को धारा ३३ प्रत्येक नागरीकलाई रोजगारीको हक हुने छ । ऐ.को धारा ५०(३) मा श्रोतको अधिकतम परिचालन द्वारा तीब्र आर्थिक बृद्धी हासिल गर्दै दिगो आर्थिक विकास गर्ने उद्देश्य नेपालको संविधान उल्लेख भएको छ । नेपालको नदिहरु मध्ये एकमात्र विद्युत उत्पादन हुन बाँकी रहेको उदगम् स्थलबाट अन्तिम निकास सम्म हाल सम्म निर्विवाद स्वतन्त्र रुपमा बगी रहेको कर्णाली नदी जसले निरन्तर बगीरहदाँ जैविक पर्यावरण कायम हुन्छ । अन्य विभिन्न कानूनहरुको अध्ययन गर्दा जलचर ऐन, २०१७ को प्रस्तावनामा आर्थिक हित कायम राख्न, जलचरहरुको संरक्षण गर्नु महत्वपुर्ण हो । ऐ.को दफा २(क) जलचर भन्नाले जल भित्र बस्ने जुनसुकै जीव सम्झनु पर्छ । जलश्रोत ऐन, २०४९ को प्रस्तावनामा जलश्रोतको समुचित उपयोग, संरक्षण, ब्यवस्थापन र विकास गर्नु पर्छ । ऐ. को दफा २(ख) मा लाभदायक उपयोग गर्दा उपलब्ध साधन र श्रोतले भ्याए सम्म उचित रुपले जलश्रोतको उपयोग सम्झनु पर्छ । ऐ.को दफा ७ मा जलश्रोतको उपयोग गर्दा (क) खानेपानी र घरेलु उद्योग (ख) सिंचाई (ग) पशुपालन (घ) जलविद्युत

आदीमा उपयोग गर्नु पर्छ । ऐ.को दफा २० मा जलस्रोतको उपयोग गर्दा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नु पर्छ भन्ने छ । यसलाई हेर्दा समेत कर्णाली नदीको बहु उपयोग गर्नु पर्छ भन्ने नै हो यसो गर्दा कर्णाली नदीको संरक्षण हुने र भावीपुस्ता लाई नेपालमा स्वतन्त्र रुपमा बग्ने एकमात्र नदिको पहिचान हुने प्रस्ट छ, जुन नेपाल सरकारले कार्ययोजना बनाई एकिकृत बहुउपयोगी विकास गर्दा संरक्षण र विकास दुवै हुन्छ ।

ख. बिद्युत ऐन, २०३५ को दफा २ (ख) मा विद्युत, पानी, खनिज, तेल कोइला, ग्यास, सौर्य शक्ति आदीबाट उत्पादन हुने विद्युतीय शक्ति हो । र जलविद्युत भन्नाले पानी बाट उत्पादन हुने हो । वातावरण संरक्षण ऐन २०७६ को २(६) मा जैविक विविधता भन्नाले परिस्थितीय प्रणालीको विविधता पर्छ । ऐ.को दफा १५(२) मा कसैले पनि जनजीवन जनस्वास्थ्य एवं वातवरणमा उल्लेखनिय प्रतिकुल प्रभाव पार्ने मापदण्ड विपरीत कुनै काम गर्न हुदैन । ऐ.को दफा ३० मा वातावरण संरक्षणका दृष्टिले अति महत्वपुर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यय परक स्थल वा एतिहासिक वा सास्कृतिक महत्वका स्थललाई वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ ।

उपरोक्त कानूनी आधारले नदीहरुको उपयोग गर्दै नदीजन्य बस्तुहरुमा रहने विभिन्न जीवजन्तु, जलचरहरु, विभिन्न जलीय सम्पदाहरु आदीलाई संरक्षण गर्न सरकारले निति तथा कानून ल्याउन सक्ने अधिकार हुन्छ । यसै सन्दर्भमा नेपालको एकमात्र नदी जसमा आजसम्म बिद्युत उत्पादनको कार्य शुरु भई नसकेको कर्णाली नदीलाई मानव सरहको कानूनी अधिकार दिएर यसको संरक्षण गरी कर्णाली नदी लाई व्यवस्थीत गरी समग्र जलीय जैविक विविधता लाई बचाई राखी भावी सन्ततीलाई उदगम् स्थल बाट दक्षिण भारतको गंगा नदीमा मिसिन पुगेको नदीलाई जलीय जैविक विविधतालाई बचाई राख्न र जलचरहरुलाई स्वतन्त्ररुपमा एक ठाऊबाट अर्को स्थानमा जान आउन सहज हुने गरी विकासको मोडेल तयार गर्नु पर्छ । तर आज सम्म कर्णालीलाई यो नदीको नेपाल भित्र लम्वाई ५०७ कि.मी. कायम भएकोले यसको संरक्षण गर्न कानून निर्माण गरी उचित व्यवस्थापन गर्नु पर्दछ ।

१३. नदी संरक्षण सम्बन्धि विभिन्न रिट निवेदनमा सर्वोच्च अदालतले फैसला गदै निम्न सिद्धान्तहरु प्रतिपादन गरिएको छ । जुन यस विषयमा समेत मेलखानी भई महत्वपूर्ण सिंद्धान्त रहेको छ । जुन निम्न रहेको छ ।

(क) मीदवेलाल उपाध्याय विरुद्ध बृद्धिलाल गुभाजु समेत भएको बमहानी माछा मार्ने मुद्दामा मिति २०१०।४।१४ गते सिंगल इजलासवाट **बम हाली तिनाउ नदीमा माछा टिप्न लागेकोमा सो चीज अरू किसीमलाई कामलाग्ने यस्तो रूपको यो कंपनीमा बनेको यो चीज भन्ने समेत पत्ता लाग्न नआएको र सो प्रयोग गरी माछा मारेको सम्म देखिनाले सजाएको हकमा अदलका २५ नं.का ऐ.बमोजिम प्रतेवादी बुद्धीलाल १, भगत दंगुल १, सुंदरप्रसाद १, बुद्धीमान १ समेत ४ जनाके जनही ६।६ मैनाका दरले कैद गर्नु** भन्ने फैसला ।

**(ख)** अधिवक्ता प्रकाशमणि शर्मा समेत विरुद्ध श्री ५ को सरकार समेत भएको मुद्दामा मिति २०५६।२।३१ (ने.का.प.२०५६ अंक ९ नि.न.६७८९) गते फैसला हुदाँ **बाग्मती नदीको प्रदुषण हटाउने बैज्ञानिक प्रसोधन गर्ने र Treatment plant को व्यवस्था गर्ने तथा धाराको अस्तित्व नष्ट हुने कार्य नगर्नु नगराउनु नदि संरक्षणमा प्रतिकुल असर पर्ने कुनै कार्य नगर्नु बाग्मती नदिको प्रदुषण हटाई स्वास्थ्य वातावरण प्रवर्द्धन तथा संरक्षण गर्नु भनी परमादेश जारी हुने** फैसला ।

(ग) रामचन्द्र चटौत समेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको मुद्दामा मिति २०६५/५/२४/३, (२०६४ सालको रिट नं. ००५३, नेकाप २०६६ अंक १ पृष्ठ ८५ नि.न. ८०५९) फैसला हुदाँ **ठूलो र सानो योजना संचालन गर्दा विकास योजना संचालन गर्नुको औचित्व र वातावरण संरक्षण वातावरणीय र सामाजिक न्यायको विषयलाई समन्वित रुपमा हेर्नुपर्ने । जनताको गुनासो वा असुविधाको संम्बोधन नहुनु न्यायपूर्ण हुन नसक्ने । प्राकृतिक स्रोत साधनको सम्बन्धी सम्झौता नभएको र उक्त व्यापारिक सम्झौताबाट कम्पनीलाई जलविद्युत उत्पादन गर्ने र विक्री गर्ने निश्चित सर्तहरु सहित खास अवधिको लागि दिएको हुँदा स्रोत वा यिनको उपयोगको बाँडफाँड गरेको भन्न नमिल्ने । यसर्थ स्रोतहरुको व्यवस्था गर्नु लगाउनु भनि परमादेश आदेश जारी हुने ठर्हछ** भन्ने फैसला ।

(घ) अधिवक्ता नारायण प्रसाद देवकोटा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत मिति २०६७/०४/२१(ने.का.प २०६७ अङ्क १२ पृष्ठ २०५३नि.न. ८५२१) मुद्दामा फैसला हुदाँ **सरकारले योजना बनाउदाँ आर्थिक विकास र औद्योगिक विकास तथा वातावरण संरक्षणलाई सन्तुलित गर्न सक्नुपर्छ । विश्व स्वच्छ वातावरणको आवश्यकता र महत्वको बारेमा Conscious हुनुपर्छ । वातावरण विनाशको cost को आर्थिक विकास**

**स्वीकार्य हुन सक्दैन । प्राकृतिक स्रोतमा व्यक्ति Ownership हुन सक्दैन । सरकार Trustee मात्र हो । वातावरणमा असर नगरी चलेको उद्योगलाई यस आदेशले असर गर्ने छैन् । वातावरण संरक्षण, प्राकृतिक स्रोतको प्रयोग र औद्योगिक विकास एक अर्काको Mutually Exclucive नभई एक अर्काको पुरक हो । छाडारुपले केवल नाम मात्रको राजस्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिनुहुँदैन । प्राकृतिक स्रोतलाई व्यापारिक प्रयोग गर्न दिदाँ पहिलो र महत्वपूर्ण कुरा वरपरका बस्ती, वनजंङ्गल, वातावरण, स्कूल, अपस्ताल लगायत अन्य संवेदनशिल संस्था तथा जनतालाई असर नगर्ने गरी मात्र दिनुपर्ने हुन्छ । आर्थिक विकासको दृष्टिबाट मानव समुदायलाई तिव्र औद्योगिकरण र प्राकृतिक स्रोत साधनको भरपुर उपयोग गर्नुपर्ने आवश्यकता एकतर्फ रहेको छ भने अर्को तर्फ यस प्रकारका क्रियाकलापहरुबाट सिङ्गो प्रकृतिको अतित्व खतरामा पर्न लागेको छ । यसको लागि विकास र वातावरण बिचको संन्तुलन कायम गर्दै अघि बढ्नुको कुनै विकल्प छैन । वातावरण प्रदूषण वास्तवमा राज्यको खराब Socio Economic Policy को कारण हुने हो । यस्तो अवस्थामा सरकारले कर्तव्य पालना गर्न ढिलाई गर्छ भने मौलिल हकको Guardian अदालत चुप लागेर बस्नु हुँदैन । वातावरण जोगाउने यस अदालतले पाएको सवैधानिक अधिकार पुरा र पालना गर्नुपर्छ भन्ने निर्देशनात्मक आदेश जारी** हुने फैसला ।

(ङ) वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चको तर्फवाट अधिवक्ता राम कुमार आर्चाय विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, मिति २०६९/५/२६/३, रिट नं. २०६८-WO-०६३९, (ने.का.प. २०७० अङ्क १ पृष्ठ ४७ नि.न. ८९४२) को मुद्दामा फैसला हुदाँ **वातावरण संरक्षण गरिनु र हुनु आज सम्मत विश्वकै साझा सरोकारको विषय भएकोले वातावरण संरक्षणको लागि अदालतको अभिभावकीय भूमिका हुन्छ । वातावरण संरक्षणको प्रश्न कुनै राष्ट्रको सिमा र राष्ट्रियताको परिधि भन्दा पनि परका आवश्यकतासँग सम्बन्धित छ । आजका पुस्ताले भोलीका पुस्ताको स्वच्छ वातावरणमा बाच्न पाउने अधिकारमा अतिक्रमण गर्न नपाउने । विकास निमार्णको कार्यले वातावरणमा कुनै नकारात्मक असर पुऱ्याउदैन् भनि पुष्ठी गर्ने दायित्व प्रस्तावमा रहने । वातावरण क्षति हुनु पूर्वनै सार्वधानी अपनाउने दृष्टिकोषलाई अवलम्वन गर्नुपर्ने । वातावरण संरक्षण विकासको वाधक होइन तर विकास र वातावरण विनास दुवैमा सन्तुलन कायम हुन**

**नसक्दा क्षतिबाट सम्मत जगतलाई जोगाउनु नै कानूनहरुको तर्जुमा हुने । वातावरणीय नोक्सानी बचाउन सकिने स्थिति छ भने विकल्पले नै सार्वधिक प्राथमिकता पाउनु पर्ने । वातावरण संरक्षणको नाउँमा केही गनै हुँदैन । प्राकृतिक स्रोत र साधन मानव हितको लागि हुन् तर सन्तुलित र व्यवस्थित तरिकाले दोहन गर्नुपर्छ । विकासको नाममा कुनै पनि रुपमा वातावरण संरक्षणको प्रश्नलाई गौण मान नसकिने ।**

**विकासको योजना बनाउँदा वातावरणलाई सम्वभ भएसम्म प्रतिकूल असर नपुऱ्याउनु सम्वभ नै नभए वातावरणलाई कम भन्दा कम असर पुऱ्याउनु र वनजंङ्गलसमेतका सम्पदालाई छुनै पर्ने बाहेक अन्य कुनै विकल्प नै नभए यसको प्रभाव अति कम समय मात्र रहि पुनः पूर्व अवस्थामा ल्याउने उपायहरु अवलम्वन गर्नु नै विकास र वातावरण संरक्षणको बीचमा सन्तुलन हुनु पर्ने । यसर्थ बर्दिया राष्ट्रिय निकुञ्जबाट बाटो खोल्ने गरी विपक्षले गरेको मिति २०६८/९/५ गतेको निर्णय उत्प्रेषणको आधारले बदर हुने ठहर छ । साथै उपयुक्त विकल्पको पहिचान र छनौट गरी निर्णय गर्नु गराउनु भनि विपक्षहरुको नाममा परमादेश जारी हुने ठहर्छ** भन्ने फैसला ।

(च) जनहित संरक्षण मञ्च अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध नेपाल सरकार, मन्त्री परिषद्को सचिवालय काठमाडौँ समेत मिति २०७२/१/३/५,( ०६५-WF–०००५, ने.का.प. २०७३ अङ्क ४ पृष्ठ ६१२ नि.न. ९५७५) गतेको फैसला हुदाँ **आ-आफ्नो प्राकृतिक कारण र महत्व हुन्छ । प्रकृतिको पहिचान र अतित्व जोडिरहेको हावा, पानी, वनजङ्गल र जैविक विविधता जस्ता विषयहरु कुनै एक पुस्ताको लागि मात्र बनेको होइन । यिनको कुनै पनि वाहानामा क्षयीकरण गर्नु दिनु हुँदैन । फुल्चोकी, गोदावरी क्षेत्रको जलवायु, जैविक विविधता, प्राकृतिक सौर्दयता, भौगोलिक र भौगर्भिक अवस्था, पारिस्थिकीय प्रणाली र ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व समेतका कारण त्यस क्षेत्रमा खानी तथा खनिज कार्य संचालन गर्नु, वृहत्तर सार्वजनिक प्रतिकूल हुने देखिएकोले सोही ऐनको दफा १२(१) बमोजिम गोदावरी क्षेत्रलाई खनिज कार्यका लागि निषेदित क्षेत्र घोषणा गर्ने** भन्ने फैसला ।

१४. माथि उल्लेख भएको सर्वोच्च अदालतले मुद्दाको रोहवमा गरेको फैसलाहरु हो उक्त फैसलामा भएको प्रतिपादीत सिद्धान्तले प्राकृतिक स्रोतको उपयोग र संरक्षणको महत्वपुर्ण रुपमा लिएको छ । त्यसैले कर्णाली नदी समेत एक सम्पदा हुनको साथै प्राकृतिक स्रोत भएकोले यसको उपयोग नदीको अस्तित्व लाई संरक्षण गर्ने तर्फ सोच्नु आवश्यकता रहेको छ । नेपालमा प्राकृतिक स्रोतको उपयोग सहि ढंगले र दिगो रुपमा उपयोग गरेको खण्डमा

मात्र वातावरणको संरक्षण र दिगो विकासको अवधारणा पुर्ति हुने हुदाँ माथि उल्लेख गरिएको सिद्धान्तवाट पनि कर्णाली नदीलाई उपयोग छुटै बृहत, एकिकृत योजना बनाई लागू गरेको खण्डमा नदीको महत्वको साथै नेपालको छुटै पहिचान विश्व सामु नेपालको हुनेछ ।

१५. विश्वको केही देशहरुले आफ्नो देशको केही नदीलाई व्यक्ति सरह कानूनी अधिकार दिएको छ भनी केही देशको उच्च अदालत र सर्वोच्च अदालत वाट समेत नदीलाई कानूनी अधिकार दिईनी गरी फैसला भएको छ । केही देश अदालतले गरेको फैसला निम्न प्रकरणमा उल्लेख गरिहेको छ ।

१५.१. सरकार आफैले नदीलाई व्यक्ति सरह कानूनी अधिकार दिएको देश निम्न रहेकोछः

(क) **न्यूजील्याण्डको सरकार द्धारा नदीको आफ्नै कानूनी व्यतित्व भएको बिल स्थापना सम्बन्धि सन्धि पास भएको छ जसअन्तर्गत ते आवा टुपुआ (**Te Awa Tupua**) लाई कानूनी रूपमा जीवित व्यक्ति सरह मान्यता दिइएको छ ।** Te Awa Tupua **तथा यसका सहायक नदीहरू हिमाल,पहाडहरूदेखि छुने** Whanganui **नदीलाई र यसका सबै भौतिक र आधिभौतिक तत्वहरू समावेश गरी** Te Awa Tupua **नदीलाई एक अविभाज्य र कानूनी जीवित व्यक्ति सरह मान्यता दिइएको छ ।** Te Awa Tupua **नदीलाई जीवित र एकीकृत समग्रको रूपमा प्रतिबिम्बित गर्दै हेर्ने हो भने,यस नदीको कानूनी जीवित व्यक्ति सरह आफ्नै सम्बन्धित अधिकार, कर्तव्य तथा दायित्व हुनेछ। (A treaty was passed by the New Zealand government establishing a bill to give rivers their own legal personality.** Under the settlement Te Awa Tupua will be recognised in legislation as an indivisible and living whole comprising the Whanganui River from the mountains to the sea, incorporating its tributaries and all its physical and metaphysical elements. Te Awa Tupua will also be recognised as a legal person. Reflecting the view of the River as a living and integrated whole, Te Awa Tupua will have its own legal personality with all the corresponding rights, duties and liabilities of a legal person.)[14]

ख) सन् २०१२ अगस्टमा न्युजिल्यान्डमा प्राकृतिक प्रणालीहरूको कानूनी मान्यताको लागि लामो समयदेखि बेवास्ता गरिएका सन्धि सम्झौताहरूमा नयाँ तरिकाले ध्यान केन्द्रित गरि माओरी आदिवासीहरूसँग सन्धि सम्झौतामा हस्तश्रार गरियो । सो सन्धि सम्झौताले Whanganui नदी र यसका सहायक नदीहरुलाई

[14]https://www.govt.nz/assets/Documents/OTS/Whanganui-Iwi/Whanganui-Iwi-Whanganui-River-Deed-of-Settlement-Summary-5-Aug-2014.pdf

एक अविभाज्य र जीवित स्थितिको कानूनी संस्थाको रूपमा रहनेछ। साथै यस स्थितिलाई थप औपचारिक बनाउन राष्ट्रिय ते आवा टुपुआ ऐन, मार्च २०१७ मा लागू गरिएको थियो। (**New Zealand**: Legal standing for natural systems in New Zealand arose alongside new attention paid to long-ignoredtreaty agreements with the Indigenous Maori.In August 2012, a treaty agreement signed with theMaori iwi recognized the Whanganui River and tributaries as a legal entity, an "indivisible and livingwhole" with its own standing.The national Te Awa Tupua Act was enacted in March 2017 tofurther formalize this status.)[15]

१५.२. अदालति प्रकृयावाट नदीलाई व्यक्ति सरह कानूनी अधिकार दिएको फैसला निम्न रहेकोछ:

(क) बंगालादेशको तुराग नदी प्रकरणमा : बंगालादेशको उच्च अदालतले रिट नं १३९८९ मा तुराग नदीलाई कानूनी व्यक्ति / कानूनी संस्था / जीवित संस्था घोषित गर्दै १७ निर्देशन दिएको थियो र सो उच्च अदालतले सन् २०१९ मा गरेको फैसलालाई बंगलादेशको सर्वोच्च अदालतले सो फैसलालाई सदर ठहर्याई राष्ट्रिय नदी संरक्षण आयोगलाई बंगलादेशका नदीहरुको संरक्षण र सम्बर्धन गर्न तथा प्रदूषण र अतिक्रमण रोक्नको लागि समेत निर्णय गरियो ।.साथै बंगालादेशको स.अ. को निर्णयमा नदीहरूको अधिकार निजी र सावर्जनिक (सरकारी) दुवै निकायहरू विरुद्ध लागू गर्ने सकिन्छ भन्ने समेत निर्णय गरियो । बंगालादेशमा नदीहरूको अधिकारलाई देशको सर्वोच्च अदालतले उच्च अदालतवाट भएको १७ बुदा राखी गरेको निर्देशनलाई पूर्ण समर्थन गरेको छ ।[16] **The Appellate Division of the Supreme Court of Bangladesh ruled that river had the same rights as a legal person.** The rights of the rivers of Bangladesh have been upheld by the country’s Supreme Court.The Appellate Division of the Supreme Court of Bangladesh upheld the 2019 decision of the High Court (in Writ Petition № 13989) which declared that the Turag River and all other rivers in the country are “living entities” with rights as “legal persons.” In this landmark decision, the National River Conservation Commission is declared “in loco parentis” for the rivers of Bangladesh, to protect and conserve them, and prevent pollution and encroachment. The Commission will serve as a guardian for the rivers, to ensure their rights and the riparian ecosystems are protected. Further,

---

[15] New Zealand (2017).*Te Awa Tupua (Whanganui River Claims Settlement) Act*. (Firstnational law recognizing a river as a legal person)

under the Bangladesh decision, the rights of the rivers may be enforced against both private and public (government) entities.[17]

ख) कोलम्बियाको संवैधानिक अदालत (नोभेम्बर 10, 2016) अट्राटो नदी मुद्दा [18] प्रकृतिको अधिकारलाई सम्बोधन गर्ने कानुन वा संवैधानिक प्रावधानहरू अपनाएको छैन (२०१९ को अनुसार)। यद्यपि, यसले कोलम्बियाली अदालतहरूलाई प्रकृतिको अधिकारलाई अन्तर्निहित रूपमा फेला पार्नबाट रोकेको छैन । 2016 को एक मुद्दामा, कोलम्बियाको संवैधानिक अदालतले प्रदूषित अट्राटो नदीको सरसफाईको आदेश दियो, यसो भन्दै कि प्रकृति "अधिकारको वास्तविक विषय हो जसलाई राज्यहरूले मान्यता दिनुपर्छ र प्रयोग गर्नुपर्छ... उदाहरणका लागि, त्यहाँ बसोबास गर्ने वा भएका समुदायहरूद्वारा यससँग विशेष सम्बन्ध हुन्छ"। अदालतले थप्यो कि मानव "लामो विकासवादी श्रृंखला भित्र एउटा मात्र घटना कुनै पनि हिसाबले ... अन्य प्रजाति, जैविक विविधता वा प्राकृतिक स्रोतहरू, वा ग्रहको भाग्यको मालिक हो"। 2018 मा, कोलम्बियाको सर्वोच्च अदालतले बालबालिका र युवा वयस्कहरूको समूहद्वारा जलवायु परिवर्तनसम्बन्धी मुद्दा उठायो जसले मौलिक अधिकारका मुद्दाहरू पनि उठायो। मानव अधिकारसँग सम्बन्धित कानुनी निष्कर्षहरू बनाउनुको अतिरिक्त, अदालतले पत्ता लगायो कि कोलम्बियाई अमेजन "अधिकारको विषय" हो, संरक्षण, संरक्षण, मर्मत र पुनर्स्थापनाको हकदार गर्नुपर्छ । यसले कोलम्बियामा हरितगृह ग्यास उत्सर्जन सिर्जना गर्न अमेजन वन फँडानीको विशेष भूमिकालाई मान्यता दियो, र एक उपायको रूपमा राष्ट्र र यसको प्रशासनिक एजेन्सीहरूलाई 2020 सम्ममा सबै वन विनाश रोक्न सुनिश्चित गर्न आदेश दियो। अदालतले वादी र प्रभावित समुदायहरूलाई प्रवर्तन शक्ति विनियोजन गर्यो, एजेन्सीहरूलाई समुदायमा रिपोर्ट गर्न आवश्यक छ र एजेन्सीहरूले आफ्नो वन फँडानी लक्ष्यहरू पूरा नगरेको खण्डमा अदालतलाई सूचित गर्न अधिकार दिन्छ ।[19] (Center for Social Justice Studies et **al. v. Presidency of the Republic et al. Judgment T-622/16 Constitutional Court of Colombia (November 10, 2016: The Atrato** River

[16]http://hrpb.org.bd/upload/judgement/Writ-Petition-No.-13989-of-2016-only-17-directions--River-Turag-Case.pdf

[17]https://www.centerforenvironmentalrights.org/news/bangladesh-supreme-court-upholds-rights-of-rivers

[18]Suggested Citation: Judgment T-622/16 (The Atrato River Case), Constitutional Court of Colombia (2016), translated by the and available at Dignity Rights Project, Copyright © 2019.

[19]Suggested Citation: Judgment T-622/16 (The Atrato River Case), Constitutional Court of Colombia (2016), translated by the and available at Dignity Rights Project, Copyright © 2019.

Case[20]Colombia has not adopted statutes or constitutional provisions addressing nature's rights (as of 2019). However, this has not prevented Colombian courts from finding nature's rights as inherent. In a 2016 case, the Colombia Constitutional Court ordered cleanup of the polluted Atrato River, stating that nature is a "true subject of rights that must be recognized by states and exercised... for example, by the communities that inhabit it or have a special relationship with it". The court added that humans are "only one more event within a long evolutionary chain [and] in no way... owner of other species, biodiversity or natural resources, or the fate of the planet".

In 2018, the Colombia Supreme Court took up a climate change case by a group of children and young adults that also raised fundamental rights issues. In addition to making legal findings related to human rights, the court found that the Colombian Amazon is a "'subject of rights', entitled to protection, conservation, maintenance and restoration". It recognized the special role of Amazon deforestation in creating greenhouse gas emissions in Colombia, and as a remedy ordered the nation and its administrative agencies to ensure a halt to all deforestation by 2020. The court further allocated enforcement power to the plaintiffs and affected communities, requiring the agencies to report to the communities and empowering them to inform the court if the agencies were not meeting their deforestation targets.)[21],[22]

ग) गंगा, यमुना नदीलाई जीवित प्राणी घोषणा र कानूनी अधिकार भारतको उत्तराखण्ड हाईकोर्ट अदालतले प्रदान गरेको छ । जुन फैसला 2014 को रिट याचिका (PIL) नम्बर 126 मो. सलीम 'निवेदक विरुद्ध उत्तराखण्ड राज्य समेत भएको मुद्दामा फैसला भएको छ । उक्त मुद्दा हाल सम्म भारतको सर्वोच्च अदालमा चलिरहेको छ ।

---

[20]Suggested Citation: Judgment T-622/16 (The Atrato River Case), Constitutional Court of Colombia (2016), translated by the and available at Dignity Rights Project, Copyright © 2019.

[21] Pinto-Bazurco, Jose Felix (March 20, 2018). "Colombian Youth Plaintiffs Sue for Recognition of the Rights of Future Generations" (http://blogs.law.columbia.edu/climatechan ge/2018/03/20/colombian-youth-plaintiffs-sue-for-recognition-of-the-rights-of-future-generatio ns/). U.S.: Sabin Center for Climate Change Law, Columbia Law School.Archived(https://web.archive.org/web/20200411234124/http://blogs.law.columbia.edu/climatechange/2018/03/ 20/colombian-youth-plaintiffs-sue-for-recognition-of-the-rights-of-future-generations/) from the original on April 11, 2020.

[22]Rodríguez Garavito, César (May 7, 2018). "Here is how litigation for the planet won in Colombia" (https://www.dejusticia.org/en/asi-se-gano-en-colombia-un-litigio-por-el-planeta/). Dejusticia. Bogotá, Colombia. Archived (https://web.archive.org/web/20191028162929/http s://www.dejusticia.org/en/asi-se-gano-en-colombia-un-litigio-por-el-planeta/) from the original on October 28, 2019.

१६. माथि उल्लेख गरिएको कर्णाली नदीलाई बहुउपयोगी, एकीकृत तथा विकास आयोजना बनाई निर्माणको कार्य गर्नु दिगो विकासको लक्ष्य भएकोले नेपालको सर्वोच्च अदालतले नदी सम्बन्धी प्राकृतिक स्रोतको संरक्षण र विश्वको केही अदालतहरुले गरेको फैसलाहरुको आधारमा कर्णाली नदीमा कुनै पनि विकास निर्माण गर्दा दिगो विकास र संरक्षण गर्दै बहुउपयोगी गर्ने गरी उपयोग गर्नु, कर्णाली नदीलाई प्राकृतिक रुपमा संरक्षण गर्ने कानून बनाई लागू समेत गर्नु गराउनु, नदी बेसिन गुरु योजनाको आधारमा उपयोग गर्ने भन्ने भएकोले सो विपरित भएका कुनै पनि आयोजनाहरु, निर्णयहरु समेत भएको भए सम्पुर्ण निर्णयहरु कार्यान्वयन गर्न उत्पेषणयुक्त परमादेशको आदेश लगाय जो जे आदेश जारी गरी पाऊँ भन्ने निम्न लिखित निवेदन गर्दछौ ।

क) कर्णाली नदीमा विद्युत उत्पादनको विभिन्न आयोजनाहरु सञ्चालनमा रहेको छ ति आयोजनाको निर्माण हुदाँको अवस्थामा कर्णाली नदीको प्राकृति सुन्दरतालाई असर नपर्ने गरी बहुउपयोगीताको आधारमा नदि प्राणलीको संरक्षण गर्दै विकास निर्माणको कार्य गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी पाऊँ ।

ख) कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको सिमानाको रुपमा करिब ५०७ किलोमिटर उतरको तिम्बतबाट नेपाल हुदै भारतको पवित्र गंगा नदिमा गएर मिसिने नेपालको एक मात्र नदि कर्णाली भएको र उक्त नदि धार्मिक, सामाजिक, पर्यटकीय र जलिय जैविक विविधताको भण्डार असुरक्षित हुने कर्णाली नदीमा कुनै पनि आयोजना नबनाउनु, बनाउन नदिनु र कर्णाली नदीलाई प्राकृतिक रुपमा संरक्षण गर्ने कानून बनाई लागू समेत गर्नु गराउनु भनि विपक्षीहरुको नाऊमा परमादेशको आदेश जारी गरी पाऊँ ।

ग) कर्णाली नदीलाई दिगो विकास तथा संरक्षण गर्नको लागी एक छुटै कर्णाली नदी संरक्षण, बहुउपयोग तथा व्यवस्थापन समिति गठन गरी कार्यान्वयन गर्नु गराउनु भन्ने विपक्षीहरुको नाऊमा परमादेशको आदेश जारी गरी पाऊँ ।

घ) नेपालको नदीहरु मध्ये कुन कुन नदिलाई बिद्युत उत्पादनमा प्रयोग गर्ने र कुन कुन नदीलाई पर्यटन व्यवसाय, कृषी तथा सिंचाई व्यवसाय र कुन नदिलाई साहसीक पर्यटकको लागी उपयोग गर्ने भन्ने विषयमा तत्काल एक विज्ञटोली गठन गरी सो टोलीले दिएको विज्ञको प्रतिवेदन लिई नेपालको नदिको प्रयोगको वर्गिकरण गर्नु गराउनु भनि परमादेशको आदेश जारी पाऊँ ।

ङ) नेपालमा ६ हजार नदि भएको र विश्वको पानीमा दोस्रो धनी भएको कर्णाली नदी एक भिन्न पहिचान भएको नदि भएको हुदाँ विश्व सम्पदा सुचीमा सुचिकृत गर्नको लागी नेपाल सरकारलाई आवश्यक पहल गर्नु भन्ने परमादेशको आदेश जारी गरी पाऊ ।

च) कर्णाली नदिमा गैर कानूनी रुपमा नदीजन्य पर्दाथहरुको उत्खनन् भई रहेको कारण नदिमा प्रत्यक्ष क्षय, वहाब परिवर्तन भई पहिरो गई रहेको कर्णाली नदिमा कानून तथा मापदण्ड विपरित भएको उत्खनन् कार्य तत्काल रोक्नु र सो क्षेत्रको नदि किनारको दायावायाँ दुवै तर्फ १००० मिटरलाई कर्णाली नदिको संरक्षित क्षेत्र घोषणा गरी नेपाल सरकारको तर्फवाट संरक्षण गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी गरी पाऊँ ।

छ) कर्णाली नदिको किनारामा सहरहरु रहेको त्यहाँ बाट निस्कने फोहोरमैलालाई कर्णाली नदिमा फाल्ने, डिल वा किनारामा राख्ने, थुपार्ने, गाड्ने, विर्सजन गर्ने कार्य हाल सम्म भई रहेको, सबै शहरको फोहोरयुक्त ढलहरु कर्णाली नदिमा मिसाउने कार्य हाल सम्म भई रहेको हुदाँ कर्णाली प्रदुषित भएको छ । तसर्थ कर्णाली नदिमा त्यता प्रकारका कुनै पनि कार्य नगर्नु नराउनु र उक्त विषयको कार्यान्वयन गर्नको लागी आफ्नो मातहतको निकायहरुलाई पत्रचार आदन प्रदान गर्नु र सम्बन्धित निकायले कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नु गराउनु भन्ने समेतको परमादेशको आदेश जारी गरी पाऊँ ।

ज) कर्णाली नदिलाई स्वतन्त्र रुपमा बग्ने कार्यलाई रोक लाग्नुको कारण कर्णाली नदिमा बहाव परिवर्तन हुने गरी र गैर कानूनी रुपमा ढुङ्गा, गिटी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ विपरित उत्खनन् भई रहेकोले उक्त गैर कानूनी उत्खनन् कार्यमा रोक लगाउनु भन्ने परमादेशको आदेश जारी गरी पाऊँ ।

झ) कर्णाली नदिको संरक्षण र सदुपयोग गर्दै त्यहाँ रहेको स्थानीय वासीहरुको जनजीवनलाई समृद्धि गर्नको लागी संघ, प्रदेश र स्थानी तहले जनजीवनका समृद्धिमा लागी कर्णाली नदि संरक्षण र उपयोग नीति बनाई तत्काल लागू गर्नु गराउनु भन्ने परमादेशको आदेश जारी गरी पाऊँ ।

य) कर्णाली नदिमा प्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन तथा बहुउपयोगी विकास र दिगो रुपमा उपयोग गर्ने, नदी बेसिन गुरु योजनाको आधारमा जलश्रोतको उपयोग तथा व्यवस्थापन गर्ने, एकीकृत जलश्रोत व्यवस्थापन तथा जलश्रोतको बहुउद्देश्यीय उपयोग नीति समेतलाई आत्मासाथ गदै अब उपरान्त कुनै पनि विकास आयोजना निर्माण गर्ने क्रममा

राष्ट्रिय जलश्रोत नीति, २०७७ मा भएको व्यवस्था अनुरुप मात्र विकास निमार्णको आयोजना बनाउनु भन्ने परमादेशको आदेश जारी गरी पाऊँ ।

ट) कर्णाली नदिमा राष्ट्रिय जलश्रोत नीति २०७७ मा उल्लेख भएको प्राकृतिक श्रोत साधनको संरक्षण, सम्वर्द्धन तथा बहुउपयोगी विकास र दिगो रुपमा उपयोग गर्ने र नदी बेसिन गुरु योजनाको आधारमा उपयोग गर्ने भन्ने भएकोले सो विपरित भएका कुनै पनि आयोजनाहरु, निर्णयहरु समेत भएको भए सम्पुर्ण निर्णयहरु उत्पेषणको आदेशले बदर समेत गरी पाऊँ ।

१७. अन्तरिम आदेशको सम्बन्धमा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाऊँमा अन्तरिम आदेश समेत जारी गरी पाऊँ भन्ने निम्न बमोजिमको माग गर्दछौ ।

क. कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशको सिमानाको रुपमा करिब ५०७ किलोमिटर उतरको तिम्बतबाट नेपाल हुदै भारतको पवित्र गंगा नदिमा गएर मिसिने नेपालको एक मात्र नदि कर्णाली भएको र उक्त नदि धार्मिक, सामाजिक, पर्यटकीय र जैविक विविधताको भण्डार सुरक्षित नहुने भएकोले यो मुद्दाको किनारा हुनु भन्दा पहिला नै राष्ट्रिय जलश्रोत नीति २०७७ को विपरित विद्युत उत्पादनको सर्वेक्षणको लाईसन दिने सक्ने प्रवल सम्भावना भएकोले कर्णाली नदिको जलिय विविधतालाई विग्रीने गरी हुने निर्माण कार्यले नदिको स्वरुप नै परिर्वतन हुने भएकोले राष्ट्रिय जलश्रोत नीति २०७७ को विपरित कार्य नगर्नु, नगराऊनु भन्ने विपक्षीहरुको नाऊमा अन्तरिम आदेश जारी गरी पाऊँ ।

ख. कर्णाली नदिमा फोहर फाल्ने, डिल वा किनारामा राख्ने, थुपार्ने, गाड्ने, विर्सजन गर्ने कार्य हाल सम्म भई रहेको, सबै शहरको फोहरयुक्त ढलहरु कर्णाली नदिमा मिसाउने कार्यले कर्णाली प्रदुषित भई रहेकोले उक्त कार्य नगर्नु नराउनु भन्ने विपक्षीहरुको नाऊमा अन्तरिम आदेश जारी गरी पाऊँ ।

ग. कर्णाली नदिमा बहाव परिवर्तन हुने गरी र गैर कानूनी रुपमा ढुङ्गा, गिटी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी को मापदण्ड, २०७७ विपरित नदिको बहाव परिवर्तन हुने गरी उत्खनन् कार्य भइरहेकोले गैर कानूनी उत्खनन् कार्य तत्काल बन्द गर्नु गराउनु र उत्खनन् भएको स्थानमा मापदण्डको १७ बमोजिम सुचना पाटी तत्काल राख्नु लगाउनु भन्ने समेत विपक्षीहरुको नाऊमा अन्तरिम आदेश जारी गरी पाऊँ

१८. माथि उल्लेख गरिएको अन्तरिम आदेश नभएको खण्डमा कुैन समयमा विपक्षीहरुले निवेदनलाई असर पर्ने विभिन्न निर्णयहरु गर्न सक्ने, कर्णाली नदि फोहरको कारण

जलिय जैविक विविधतामा प्रत्यक्ष असर पर्ने भई वातावरणीय संरक्षणमा अपुरणीय क्षति हुने भएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाऊँमा अन्तरिम आदेश समेत जारी गरी पाऊँ ।

१९. यस रिट निवेदनमा विपक्षी बनाएका वाहेक अन्य निकायलाई समेत विपक्षी वनाउन पर्ने देखिएमा सम्मानित अदालतवाट विपक्षी बनाई पाऊँ ।

२०. यस संकलन गरीएको कागजातहरु निम्न रहेको छ ।

क. सस्थाको रिट दर्ता गर्ने निर्णयको प्रतिलिपी ..१

ख. निवेदकहरुको नागरीकताको प्रमाण पत्रहरु ......१

ग. नदी सम्मेलनको घोषणहरु थान..... ३

घ. सन् २०१९ मा नेपाल नदी संरक्षण संस्थाले तयार पारेको कर्णाली नदीको करीडोर व्यवस्थापन फ्रेमबर्क प्रतिवेदन....१

ङ. सन् २०१९ मा नेपाल नदी संरक्षण संस्थाले अन्राष्ट्रिय विकासको लागि संयुक्त एजेन्सी ( USAID) को मद्दतमा नेपालमा नदी संरक्षण कानूनको रणनीतिक विचार पुस्तक थान ...१

च. विपक्षीहरुलाई कानून बमोजिम कर्णाली नदीको अधिकार माग राखी दिएको निवेदन पत्र .१

छ. कर्णाली नदीमा भएको फोहरमैला, उत्खनन्, ढल मिसाएको दृश्य सहितको नेपाल नदि संरक्षण कोषले अध्ययन गरी तयार पारेको प्रतिवेदन ..१

ज. ढुङ्गा, गिटी वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी को मापदण्ड, २०७७

झ. राष्ट्रिय जलश्रोत नीति २०७७

य. कर्णाली नदिमा कुनै आयोजनाहरुको निर्णय, वातावरणीय अध्ययन प्रतिवेदन, सर्वेक्षण लाइसेन समेत भएमा सम्बन्धीत विपक्षी निकायवाट झिकाई पाऊँ ।

२. यसमा लेखिएको व्यहोरा ठिक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुलाँ बुझाउला ।

निवेदक

निज समेतको वारिस विजय वसयाल

ईति संम्वत २०७९ साल फागुन ८ गते रोज २ भुभम्.................